**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

प्रतीक दैनिकको वार्षिकोत्सवको अवसरमा यस दैनिकको प्रकाशन भदौ २ गते नहुने जानकारी गराउँछौं। हाम्रो भेट भदौ ३ गते हुनेछ।

**प्रतीक दैनिक**

❖ वर्ष ३८ ❖ २०८१ भदौ ०१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 17 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १

## चार वर्षदेखि जीराभवानीको अस्पताल निर्माण अधूरो

धर्मेन्द्र चौरसिया, पोखरिया, ३२ साउन/

जीराभवानी गाउँपालिका-२ सेढवास्थित आधारभूत अस्पताल चार वर्ष बित्दा पनि अधूरो छ। १० शय्याको अस्पताल निर्माणको लागि पुरानो भवन भत्काएर बनाउन शुरू गरिएको हो।

आठ करोड लागतमा ओम बुद्ध कन्स्ट्रक्शनले २०७७/७८ मा ठेक्का सकार गरेको थियो। सम्झौता अनुसार २०७९ सालमा आधारभूत अस्पताल निर्माण गरेर हस्तान्तरण गर्नुपर्ने थियो तर अहिलेसम्म यो अस्पतालको निर्माण कार्य २० प्रतिशत मात्र बनेको छ।

वडाध्यक्ष महादेव महतोले अस्पताल निर्माणको लागि आफूले बारम्बार ठेकेदारलाई ध्यानाकर्षण गराएको तर भुक्तानी अभावले काम रोकिएको थाहा पाएको बताए। सरकारले अस्पताल निर्माणको लागि छुटचाएको बजेट ठेकेदारलाई भुक्तान नहुँदा काम रोकिएको उनले बताए। अहिले अस्पताल नबन्दा तीन पालिकाका मानिसहरूलाई समस्या भएको छ। यो अस्पतालमा जीराभवानी, जगरनाथपुर र ठोरी गापा-५ का मानिसहरूले स्वास्थ्य सेवा लिंदै आएका थिए। बर्थिङ सेन्टरसहितको आधारभूत अस्पताल अहिले सामुदायिक भवनमा सञ्चालित छ।



तस्वीरः प्रतीक

मासिक ५० जना गर्भवती महिलाको उपचार हुँदै आएकामा अहिले सामान्यबाहेक शल्यक्रिया गर्ने कार्य बन्द छ। कोठाको अभावले सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न समस्या भएको देखिन्छ।

स्वास्थ्य चौकी इन्चार्ज ज्ञानकिशोर महतोले सामुदायिक भवनमा कोठा अभावले सेवा प्रदान गर्न समस्या भएको बताए। उनले जेनतेन दैनिक रोगीहरूको उपचार भइरहेको र धेरैजसो रोगी सेवा नपाएर फर्किने अवस्था रहेको बताए।

यसैबीच, जीराभवानी गापामा आजदेखि छुट्टै बर्थिङ सेन्टर सञ्चालनमा आएको छ। सामुदायिक अस्पतालमा गर्भवती महिलाहरूको उपचारमा समस्या भएपछि गापाले अर्को सामुदायिक भवनमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएको हो। वडाध्यक्ष महतोले आज नयाँ बर्थिङ सेन्टरको उद्घाटन गरेका थिए।



जीराभवानी गापास्थित बर्थिङ सेन्टरको उद्घाटनपछि। तस्वीरः प्रतीक

## २७ हेक्टर वन क्षेत्रमा वृक्षारोपण, संरक्षणको लागि तारबारसहित हेरालु नियुक्त

बलिराम शुक्ला, बिरुवागुठी, ३२ साउन/

डिभिजन वन कार्यालय, पर्साले पर्साको राष्ट्रिय वन क्षेत्रभित्र करीब २७ हेक्टर क्षेत्रफलमा यस वर्ष वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ।

डिभिजन वन कार्यालय, पर्साले सबैया साझेदार वन सबैया, विन्ध्यवासिनी कोइलाभार साझेदारी वन बडनिहार र गादीमाई साझेदारी वन रङ्गपुर क्षेत्रभित्रको वन फँडानी तथा नदी किनार वन क्षेत्रभित्र करीब २७ हेक्टर क्षेत्रफलमा ४३ हजार विभिन्न जातका बिरुवा रोपेको डिभिजन वन कार्यालय, पर्साका प्रमुख वन अधिकृत सुनीलकुमार कर्णले बताए।



सबैया साझेदारी वन क्षेत्रभित्र रहेको भेडाहा नदी संरक्षणको लागि करीब सात हेक्टर नदी किनारमा खयर, टिक गरी १२ हजार बिरुवा रोपिएको वन अधिकृत कर्णले बताए। त्यसैगरी, विन्ध्यवासिनी कोइलाभार साझेदारी वन क्षेत्रका खाली ठाउँ (सात हेक्टर क्षेत्रफल)मा खयर, टिक गरी १२ हजार बिरुवा र गादीमाई साझेदारी वन क्षेत्र रङ्गपुरको भलुवाई खोला आसपास वन क्षेत्रभित्र खयर, सिसौं र टिक गरी करीब १३ हेक्टर क्षेत्रफलमा २० हजार बिरुवा गरी २७ हेक्टर वन क्षेत्रभित्र ४३ हजार बिरुवा रोपेर संरक्षणको लागि तारबार लगाइएको छ। यसैगरी, वृक्ष संरक्षणको लागि सो क्षेत्रमा हेरालुको पनि व्यवस्था गरिएको प्रमुख वन अधिकृत कर्णले बताए।

यस अघि बर्सेनि वृक्षारोपण गरिने तर संरक्षण व्यवस्था नहुँदा बिरुवाहरू त्यत्तिकै नष्ट हुने गरेका थिए। सोही कुरालाई दृष्टिगत गरी गत वर्ष वृक्षारोपणसँगै तारबार गरेर हेरालु राखी संरक्षणको व्यवस्था गरिएको हो।

## सिम्रौनगढका किसान बेमौसमी तरकारीखेतीतर्फ आकर्षित

रामेश्वर मेहता, सिम्रौनगढ, ३२ साउन/

हरियो तरकारीको लागि प्रसिद्ध सिम्रौनगढ क्षेत्रमा पछिल्लो समय बेमौसमी तरकारीखेतीतर्फ किसानहरू आकर्षित भएका छन्।

मौसमी हरियो तरकारीखेतीको लागि सिम्रौनगढ क्षेत्र शुरूदेखि पर्सा, बारा, रौतहटमध्ये अग्रस्थानमा रहँदै आएको छ। यहाँबाट उत्पादित हरियो तरकारी पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन र काठमाडौंसम्म पुग्ने गर्छ। सिम्रौनगढ क्षेत्र अन्तर्गत हाल सिम्रौनगढ नगरपालिका, पचरौता नपा र आदर्श कोतवाल गाउँपालिकाका विभिन्न स्थानमा हरियो तरकारीखेती हुँदै आएको छ।

सिम्रौनगढ नपाको अमृतगंज, जानकीभार, खजानी, झवानी, हरिहरपुर, नैकाटोला, पचबर्वा, महुवाही, सानो इँटवाल, ठूलो इँटवाल, कमलपुर, देवापुर टेटा, आदर्श कोतवाल गापाको कोतवाली, आदर्श च्युटाहा, टेडाकट्टी, जमुनिया, रूपैलिया, पचरौता नपाका चिकनी पकडिया, बेल्दारी, पिपरपाती, बेनौली, श्रीनगर बैरिया, बलघुसुवा टोलमा हरियो तरकारीखेती हुने गरेको छ।



पछिल्लो समयमा यहाँका किसानहरू मौसमी तरकारीखेतीसँगै बेमौसमी तरकारीखेती गर्दैछन्। मौसमी तरकारीखेतीभन्दा बेमौसमी तरकारीखेतीबाट बढी नाफा हुने गरेका कारण यहाँका किसानहरू अहिले यसतर्फ

(बाँकी अन्तिम पातामा)

## महानगरको राजस्व गत वर्षको तुलनामा घट्यो

प्रस, वीरगंज, ३२ साउन/

वीरगंज महानगरपालिका कार्यालयको राजस्व गत वर्षको तुलनामा यस वर्षको साउन महीनामा घटेको छ।

महानगरपालिकाले आव २०८०/८१ मा छ करोड ३० लाख ३१ हजार ४४० सङ्कलन गरेको थियो भने चालू आव २०८१/८२ को साउनमा पाँच करोड २३ हजार ६३० मात्र सङ्कलन गरेको छ। गत वर्षको तुलनामा चालू आवको साउनमा एक करोड ३० लाख कम छ।

राजस्व महाशाखाका प्रमुख मनोज कर्णले साउनमा सम्पत्ति करबाट दुई करोड १० लाख ७१ हजार, भूमि/मालपोतबाट १५ लाख ३४ हजार, घरबहाल कर ५६ लाख ४४ हजार, बहाल बिटौरी कर एक लाख दुई हजार,

(बाँकी अन्तिम पातामा)

**हार्दिक शुभकामना**

**प्रतीक दैनिक**

**३७औं वर्ष पूरा गरी ३८औं वर्ष**

प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

JAGDAMBA STEEL
देशको मेरुदण्ड

**जगदम्बा स्टील प्रा.लि.**

**जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा**

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजको सूचना**

यही आँउदो २०८१ भदौ १ गतेदेखि यस नेशनल मेडिकल कलेज शिक्षण अस्पताल, वीरगंजमा नेपाल सरकारको विपन्न नागरिक औषधि उपचार सेवा अन्तर्गत मुटु (हृदय) रोग, हेड तथा स्पाइन इन्जुरीसमेतका बिरामीहरूको उपचारमा रु १,००,०००/- (एक लाख)सम्मको उपचार खर्च सहुलियत नेपाल सरकारबाट प्रदान गरिनेछ। साथै नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम भदौ १ गतेदेखि सञ्चालन भएको पनि जानकारी गराउन चाहन्छौं। उक्त सहुलियतको लाभ उठाउन सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।

सम्पर्क नं.: ०५१-५९१०१४, ५९१३२०, इमेलः nmc@nmcbir.edu.np

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल परिवार**

**वार्षिकोत्सवको शुभकामना**

**प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



**प्रकाश खण्डेलवाल**

**(अध्यक्ष)** *तथा*

**नेपाल औषधि व्यवसायी सङ्घ**

**हार्दिक शुभकामना**

**प्रतीक दैनिक**

**३७औं वर्ष पूरा गरी ३८औं वर्ष**

प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

SURYA NEPAL
PRIVATE LIMITED
Prakriti

**जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा**

### विचारसार र सूक्तिहरू

**जिन्दगी कसैको अभावमा रोकिन्न, तर आफन्तविना गुजारा पनि हुन्न।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## ३८औं वर्ष प्रवेश

**प्रतीक दैनिक ३८ औं वर्षमा प्रवेश गरेको छ। यो अवधि वीरगंजबाट निरन्तर प्रकाशित हुने दैनिकको कीर्तिमान पनि हो। मोफसलबाट प्रकाशित हुने समाचारपत्रहरूमा पहिलो साप्ताहिक र अनि दैनिक राष्ट्रिय क वर्गमा परेको पनि प्रतीक नै हुनुपर्छ। तर यी सबै प्रविधिले दिएका उपलब्धिहरू हुन्। सारमा कुनै पनि समाचारपत्रले निर्वाह गर्नुपर्ने भूमिका शतप्रतिशत पूरा भएको नहोला। प्रविधि, जनशक्ति, सोच, जाँगर, वातावरण, जनसमुदाय धेरै कारक छन्, जसले कुनै पनि समाचारपत्रको भूमिका निर्धारण गर्दछन्। झन् आज प्रविधिको उच्च उपलब्धिको युगमा छापा माध्यमको भूमिका शास्त्रीय मापदण्डको मात्र रहन गएको छ। अहिले त अनलाइन, त्यसमा पनि सामाजिक सञ्जालहरूको बाढी नै आएको छ। आज अलिकति पनि क्रियाशील व्यक्ति पत्रकार बनेको अवस्था छ। र पत्रकारितालाई उत्तेजना, आवेग, आवेशजस्ता मनोग्रन्थिले डोऱ्याइरहेको भान भइरहेको छ। मानिसको जीवनशैली र विचारलाई दिशा दिने समाज हो र समाजलाई दिशा दिने दायित्व पत्रकारिताको हो। यस कसीमा हाम्रो पत्रकारिता कहाँसम्म खरो देखिन्छ, त्यसको निर्क्योल नभएसम्म मूल दायित्वको प्रश्न पनि अनुत्तरित नै रहन्छ।**

**हाम्रो समाज सरल छ, छिटै उत्तेजित हुन्छ र छिटै क्रियाहीन हुन्छ। निरन्तरता, न सरलतामा देखिन्छ; न उत्तेजनामा। अनि जति समय बितेपनि, सङ्घर्षका जति कथा रचिएपनि आखिरमा समाज डेग चलेको देखिँदैन। आज पनि हाम्रो सोच परम्पराबाट माथि उक्लन सकेको देखिँदैन, हो संस्कृतिमा विचलन भने प्रशस्त देखिन्छ। जरामा परम्परागत सोच हावी भएकोले नयाँ संस्कृतिप्रतिको रुझानमा पनि स्थायित्व देखिन्न। अनि हाम्रो दशा त्रिशंकुजस्तो भएको छ। न तल झरेर भुइँ टेक्न सकिरहेको छ, न आकाशगामी हुन सकेको छ। यो सामाजिक सङ्क्रमणको अवस्थाले गर्दा हो। यसै सङ्क्रमणको देन आजको सामाजिक सञ्जालकृत पत्रकारिता बनेको छ। पत्रकारिताले विसङ्गतिलाई चिर्नुपर्ने हो, विसङ्गति त मौलाइरहेको छ। विसङ्गति उत्पन्न हुनु स्वाभाविक हो, जुनसुकै पनि युगमा उत्पन्न हुन्छ, तर कुनै एउटा बाधक आएर त्यसमा रोक लगाउँछ। त्यसलाई समाजले ग्रहण नगरेसम्म बाधक सफल हुँदैन। आज त्यो बाधक बन्ने दायित्व पत्रकारिताले पाएको छ। तर समाजले समग्रमा पत्रकारिताको भावलाई ग्रहण गर्न सकिरहेको छैन। सामाजिक सञ्जालकृत बनावटी रसिलो सूचनाको प्रवाहमा बगिरहेको छ।**

**यस बिन्दुमा पुगेको प्रतीक कुन ठाउँमा छ, त्यसको मूल्याङ्कन सुधी पाठकजनले गर्नुपर्ने हो। आफूलाई त सबैले राम्रो नै देख्छन्। यसै पनि भनिएको छ प्रतिष्ठा अरूले दिन्छ, आफूले कमाउने भनेको छ चरित्र हो। चरित्र कहिले म्याद बितेको औषधि पनि बनिदिन्छ, त्यसको हेक्का राखेर पाठकजनले सचेत गराउँदै जानुपर्छ। पत्रकारिता समाजका लागि हो, तर अहिले पत्रकारिता आफ्नो लागि बन्न पुगेको छ। सोचको यस अन्तरले नै लाग्दछ, पत्रकारिता हिजो निर्वाह गरेजस्तो भूमिकामा आज शिथिल बन्दै गएको छ। सामाजिक परिवेशले नै त्यो शिथिलता प्रदान गरिरहेको छ जस्तो पनि लाग्दछ। किनकि आजको समाजलाई कार्यमा न अकार्यमा कुनै उत्तेजना हुँदैन। स्थितप्रज्ञ बन्ने प्रयास गरिरहेको छ। त्यो प्रज्ञता सकारात्मक भइदिए हुन्थ्यो। आजको [redacted] लागेको छ।**

# बधाई छ प्रतीक दैनिकको यात्रालाई

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**शुभकामना छ प्रतीक दैनिकलाई अझ बढी माझिने, अझ बढी परिष्कृत हुँदै जनजनमा अमिट छाप छाड्दै जाओस्। सृजनशील रचना, खोजमूलक लेख र सत्यतथ्यमा आधारित समाचार सम्प्रेषणले पत्रिकाको ओजलाई अझ खँदिलो बनाउँछ। आशा छ, आउँदा दिनमा यसले यी र यस्ता विषयहरूमा आफूलाई अझै अब्बल बनाउँदै जानेछ।**

सबैभन्दा पहिले त प्रतीक दैनिकको ३८औं वार्षिकोत्सवको लागि सम्पूर्ण टीमलाई धेरैधेरै शुभकामना। यत्रो वर्षदेखिको निरन्तरतालाई कायम राख्नु एउटा ऐतिहासिक काम हो। यस पत्रिकाका सम्पादक आदरणीय जगदीश दाइ अब कुनै नाम रहनुभएन, उहाँ एउटा विशेषण भइसक्नुभएको छ। उहाँले पञ्चायतकाल हुँदै आजसम्मका राजनीतिक परिवर्तनलाई सूक्ष्मरूपले अवलोकन मात्रै होइन, विभिन्न व्यवस्थाका कुरूप रूपको भुक्तभोगी पनि हुनुहुन्छ। कस्ताकस्ता कठिन समयमा पनि रतीभर नडगमगाउने विम्ब हुन्, जगदीश दाइ। कहिल्यै कुनै अभाव, दबाब र प्रभावमा नपरी अविच्छिन्नरूपमा आफ्नो यात्रालाई अहिलेसम्म अडिग भएर उभिएको छ, प्रतीक दैनिक। यस पत्रिकाले धेरै लेखक, संवाददाता, कवि, कवियत्री, सञ्चार उद्यमशीलहरूलाई जन्मायो। आज धेरैले आफ्नो करियरलाई ठूलो ठाउँमा पुऱ्याउन सक्षम भएका छन्।

**मेरो आबद्धता :**

यस पत्रिकामा मैले लेख्न थालेको करीब २० वर्ष भएको जस्तो लाग्छ। शुरूमा जब म कुनै आलेख लेख्थें दाइले सीधैं अस्वीकार गर्नुहुन्थ्यो। मलाई खूब रिस उठ्थ्यो। मेरो सधैं सोध्ने बानीले गर्दा दाइलाई मैले एक दिन सोधें– दाइ, मेरो आलेख किन छापिंदैन ? दाइले सल्लाह–सुझाव दिनुहुन्थ्यो कि के कमजोरी छ ममा। खूब लेखे बल्ल एक दिन छापियो, म त हर्षविभोर भएँ। त्यो पहिलो आलेख अहिलेसम्म मेरो दराजको कुनै कुनामा हुनुपर्छ। त्यसपछिको मेरो निरन्तरता आजसम्म चलिरहेको छ केही समय केही कारणले लेख्न सकिनँ। बीचमा म विदेश भएको बेलामा पनि म निरन्तर लेखिरहन्थे। मेरो लेख्ने कलाको विकास नै जगदीश दाइसँगको सामीप्यताले गर्दा हो। मेरो उच्च सम्मान छ, दाइलाई र प्रतीक परिवारलाई।

यो भन्न मलाई गर्व लाग्छ कि म आज धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रिकाहरूमा पनि लेखहरू पठाउँछु। अङ्ग्रेजी र नेपाली दुवैमा लेख्ने गर्छु म। विभिन्न जर्नलहरूमा मेरा आलेखहरू प्रकाशित छन्। यसको सारा श्रेय यस पत्रिकालाई नै जान्छ। लेख्ने बानीले गर्दा खूब पढ्न मनलाग्दो रहेछ। म अहिले पनि कुनै न कुनै पुस्तक प्रत्येक दिन पढ्ने गर्छु। जसले गर्दा मैले केही गीतहरू पनि लेख्ने समय पाएँ। एउटा गीतको त म्युजिक भिडिओ नै बजारमा आइसकेको छ। अरू पाँचवटा गीत आउने क्रममा छन्। धन्य भएँ म कि मैले जगदीश दाइसँग सङ्गत गर्न पाएँ।

मानिसलाई मनोरञ्जन चाहिन्छ। चाहिंदोभन्दा बढी मनोरञ्जनले मानिसलाई भद्दा, रोगी र बेकम्मा बनाउँछ। समयसमयमा लिइने ठीक्कको मनोरञ्जनका लैबरी भाका हाम्रालागि अमृतमय ऊर्जा हुन सक्छन्। आवश्यकताभन्दा बढी मनोरञ्जन पनि मानिसका लागि विष बराबर हो। ज्ञान त्यो अमृत हो, जो जति ग्रहण गरे पनि अपुग हुन्छ।

आवश्यकताभन्दा बढी मनोरञ्जन, प्रेमले हिजोआज हाम्रो सिर्जनात्मक क्षमतामा दिनदिनै ह्रास आइरहेको छ। हामी ज्ञानका लागि लाइब्रेरीभन्दा बढी मनोरञ्जनका लागि लैबरी खोज्ने भएका छौं। भर्चुअल दुनियाँमा उपलब्ध मनोरञ्जनका प्रचुर साधनले हाम्रा नियमित काममा पनि ठूलो व्यवधान खडा गरिरहेको छ। समयतालिका गडबडिएका छन्। स्वस्थ र आवश्यक मात्राको मनोरञ्जनले जसरी मानिसलाई मानसिकरूपमा तन्दुरुस्त बनाउँछ, उसैगरी आवश्यकताभन्दा बढी मनोरञ्जनको नशाले मानिसलाई लागूपदार्थको वैकल्पिक काम गरिरहेको छ। पढ्ने संस्कृतिको स्खलनले समाजलाई अहिले उपभोक्तावादले नराम्ररी गाजेको छ। पत्रपत्रिकालाई आफ्नो दैनिकी बनाउन नसक्नु बढो ठूलो विडम्बना हुन पुगेको छ। मानिस भावविहीन हुन थालेका छन्।

**छापा मिडियाका चुनौतीहरू :**

सूचना प्रविधिको द्रुत विकासको साथै इन्टरनेट जताततै फैलिएको छ, र स्मार्टफोन र मोबाइल टर्मिनलहरू मिडिया बजारमा लोकप्रिय भएका छन्। मानिसको पढ्ने बानी पनि बिस्तारै परिवर्तन हुँदैछ। नयाँ मिडिया प्लेटफर्महरू जस्तै पिसी, मोबाइल फोनबाट ताजा समाचार जानकारी प्राप्त गर्न अधिक युवाको झुकाव बढेको छ। पत्रिकाहरू किन्नुको साटो ट्याब्लेटहरूको बढ्दो दबदबा छ। परम्परागत छापा मिडियाले कम सर्कुलेशन, कम सञ्चार शक्ति र प्रभाव, साथै कम हुँदै गइरहेको विज्ञापन व्यवसायको सामना गरिरहेको छ, जसले प्रिन्ट मिडियालाई बाँचनको लागि अभूतपूर्व दबाबको सामना गर्नुपरिरहेको छ।

दोस्रो, इन्टरनेटको लोकप्रियताको साथ, मानिसहरूले विभिन्न समाचार वेबसाइटहरू र खोज इन्जिनहरूबाट निश्शुल्क जानकारीको ठूलो मात्रा प्राप्त गर्न सक्छन्, जुन प्रिन्ट मिडियाको लागि अझ ठूलो विपत्ति हो। छापा मिडिया पढ्ने बानी सङ्कुचित र क्षयीकरण हुँदै गइरहेको अवस्था छ। पढ्ने बानी घट्दै गएकाले दैनिक पत्रिकाको पाठक सङ्ख्या घट्दै गएको छ। यसरी छापा मिडिया, विशेषगरी पत्रपत्रिकाहरूले सङ्कटको सामना गरिरहेका छन्।

नयाँ मिडियाको प्रभावको सामना गर्दै, परम्परागत प्रिन्ट मिडियाले रूपान्तरण र स्तरोन्नति, नयाँ मिडियासँग गहिरो एकीकरण, नयाँ प्रविधिको प्रयोग र अन्तमा आफ्नो अस्तित्वको लागि नयाँ बाटो पहिल्याउँदै इन्टरनेटको सहारा लिंदै अगाडि बढ्नु अहिलेको अपरिहार्यता हो, नत्रभने आफूलाई जोगाइराख्न नसकिएला आउँदा दिनमा।

प्रिन्ट मिडियामा देखिएको यस्तो चुनौतीका बावजूद आफूलाई दरिलो बनाउँदै लगेकोमा प्रतीक दैनिकलाई धेरैधेरै बधाई।

यस पत्रिकाले ३७औं वर्ष पार गरी ३८औं वर्षमा प्रवेश गरेकोमा सबैभन्दा पहिले मेरोतर्फबाट धेरैधेरै बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। मोफसलबाट प्रकाशित यो दैनिक पत्रिकाले विभिन्न बाधा र अडचनहरूलाई पार गर्दै ३८औं वार्षिकोत्सव मनाउन गइरहेकोमा समस्त पाठक अवश्य पनि धन्यवादका हकदार छन्। यहाँहरूकै माया, ममता र पत्रिकालाई आफ्नो पत्रिका ठानी यहाँहरूले यसप्रति देखाउनुभएको लगावले गर्दा नै यो पत्रिकाको निरन्तरता सम्भव हुन सकेको हो।

पत्रकारिताको व्यावसायिकता र जवाफदेहिताको सन्दर्भमा नेपाली समाचार मिडिया छापा र अनलाइन दुवैको मूल्याङ्कन गर्नु महत्त्वपूर्ण छ। सन् १९९० मा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएदेखि नेपालले सञ्चार क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ र देशव्यापीरूपमा आउटलेटहरूको सङ्ख्या र व्यापक कभरेज बढेको छ।

नेपालको सञ्चार क्षेत्रले प्रेस स्वतन्त्रता र मिडिया व्यवसायिकताको लागि सङ्घर्षका विभिन्न उतारचढावहरू पार गरेको इतिहास छ। राणा प्रधानमन्त्री जङ्गबहादुरले सन् १८५१ मा इङ्ग्ल्यान्डबाट गिद्धे प्रेस भनेर चिनिने छापाखाना नेपालमा ल्याएर नेपालको राजधानी काठमाडौंमा स्थापना गरेका थिए।

त्यसपछि दर्जनौं प्रेसहरूलाई देशमा भित्र्याएर विभिन्न व्यापारिक घरानाका व्यक्तिहरूले काठमाडौं उपत्यकामा व्यापारिक प्रयोजनका लागि स्थापना गरेका थिए। सन् १९०१ मा सरकारको मुखपत्रका रूपमा गोरखापत्र नामक साप्ताहिक पत्रिका (जो १९६१ मा दैनिक बन्यो) छाप्नका लागि एउटा प्रेस प्रयोग गरियो।

सन् १९५० र ५१ मा प्रजातन्त्रको सुरुआत भएसँगै छापा मिडियामा नयाँ युगको सुरुआत भएको सङ्केत गर्दै सयौं पत्रपत्रिका सञ्चालनमा आए। सोही वर्ष रेडियो नेपाल, पहिलो रेडियो स्टेशनको स्थापना भयो।

यसैबीच, धेरै निजी मिडिया व्यवसायीहरूले व्यावसायिक वृद्धि, प्रेस स्वतन्त्रता र सरकारी संयन्त्रहरूबाट सहयोग वृद्धि गर्ने उद्देश्यले २९ मार्च १९५६ मा नेपाल पत्रकार सङ्घको स्थापना गरे, जसलाई हाल नेपाल पत्रकार महासङ्घ भनिन्छ। अर्को वर्ष सरकारले प्रेस नीतिहरू तर्जुमा गर्ने र पत्रकारहरूको आचारसंहिताको पहिलो मस्यौदा तयार गर्ने प्रेस आयोग गठन गऱ्यो। एव रीतले सञ्चार क्षेत्रको विकास भएको हामी पाउँछौं।

सत्यता पत्रकारिताको पहिलो दायित्व हो। सबै नागरिकका लागि वफादार भई सत्यतथ्यलाई जनमानसको सामुन्ने, कुनै डर, धाक, धम्की विना समाचार सम्प्रेषण गर्नु पत्रकारिताको सबैभन्दा ठूलो कर्म र धर्म हो। स्वतन्त्रता अर्को विशेषता हो। यस्ता विशेषणहरूको समग्रता नै इमानदार पत्रकारिता हो। प्रतीक दैनिकले आज पर्यन्त आफ्नो कर्म र धर्मबाट रतीभर विचलित नभई आफ्नो पत्रकारिताको व्यावसायिक निरन्तरतालाई कायम राख्न सकेकोले नै गर्दा यसले झन्डै चार दशक सफलतापूर्वक सम्पन्न गर्न सकेको हो भन्दा कुनै अतिशयोक्ति नहोला।

यस पत्रिकाका केही विशेषाङ्कहरू मलाई ज्यादै रुचिकर लाग्छ। शनिवार प्रकाशित हरिकृष्ण बराल र शिवशङ्कर यादवका आलेखहरू, त्यसैगरी विश्वराज अधिकारी, शीतल महतो, ओमप्रकाश खनाल, सञ्जय साह आदिका आलेखहरू। त्यसमा पनि सम्पादकीय त म कहिल्यै छुटाउदिनँ।

समग्रमा प्रतीक दैनिक नियमित पढ्ने गर्दा हामी समसामयिक घटना र परिघटनाप्रति सधैं अवगत हुन्छौं।

शुभकामना छ प्रतीक दैनिकलाई अझ बढी माझिने, अझ बढी परिष्कृत हुँदै जनजनमा अमिट छाप छाड्दै जाओस्। सृजनशील रचना, खोजमूलक लेख र सत्यतथ्यमा आधारित समाचार सम्प्रेषणले पत्रिकाको ओजलाई अझ खँदिलो बनाउँछ। आशा छ, आउँदा दिनमा यसले यी र यस्ता विषयहरूमा आफूलाई अझै अब्बल बनाउँदै जानेछ। जस्तोसुकै प्रतिकूलता भोग्नुपरे पनि यस पत्रिकाले निष्पक्ष पत्रकारितालाई अगाडि बढाउने प्रणलाई कहिल्यै ओझेलमा पार्नेछैन। सधैंझैं लोकतन्त्र, कानूनी राज्य र संवैधानिक मूल्य र मान्यतालाई जीवन्त राख्नेछ।

अन्त्यमा फेरि यस पत्रिकाको निरन्तरताको शुभकामना दिंदै मेरा शब्दहरूलाई विराम दिन्छु। मुरीमुरी बधाई र नमन।


**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**डा मनोज गुप्ता/ डा लक्ष्मी (थापा) गुप्ता**
प्रभु अस्पताल परिवार, वीरगंज-८

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**रामक्षत्रीप्रसाद कुर्मी (अध्यक्ष) तथा**
परवानीपुर गाउँपालिका कार्यालय परिवार, बारा

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**डा विद्यानन्द चौरसिया / डा दिलीप चौरसिया**
सीता अस्पताल, बिर्ता, वीरगंज-४

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

Pristine
**प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रा.लि परिवार, वीरगंज**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# पाको उमेरको सिर्जनात्मक उपयोग

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

बूढो मानिस, ज्येष्ठ नागरिक तथा पुरानो मानिस आदि भनेर समाजले बढी उमेर बिताएका मानिसलाई चिन्दछ । वास्तवमा औसत मानिसभन्दा बढी उमेर भएका, कपाल फुलेर सेतो भएको, अनुहारमा चाउरी परेको, अनि केही स्वास्थ्य समस्याहरू देखा परिसकेका मानिसलाई सामान्यतया बूढाबूढी भन्ने गरेको पाइन्छ। पछिल्लो समयमा ज्येष्ठ नागरिक भनिएको पाइन्छ ।

यसैगरी बूढो मानिसको ठाउँमा अहिले पाको मानिस शब्दको प्रयोग गर्न थालिएको छ। बूढो मानिस भन्दा कोही राम्रो नमान्ने, ज्येष्ठ नागरिक भन्दा पनि आफूलाई चित्त नबुझेको तथा घरमा आफूभन्दा पनि जेठो मानिस रहेको बताउने गरिएको अवस्थामा पाको मानिस हुन् । हरेक समय बज्जिका भाषा र साहित्यलाई दिइरहेका कुशवाहाको सक्रियता धेरैको लागि लोभलाग्दो र अनुकरणीय रहेको छ ।

गौरका पुराना राजनीतिक चिन्तक तथा प्रजातान्त्रिक आन्दोलनमा सयौंपटक समातिएका र दर्जनौंपटक जेल जीवन जीवन बिताउनु राम्रो कुरा हो र अझ वार्धक्यलाई सक्रियतापूर्वक सम्मानका साथ विना कुनै निराशा बिताउनुजस्तो गर्वको कुरा अरू के पो हुन सक्ला र ? यसैले पाको उमेरका हरेक व्यक्तिले आफूलाई सक्रिय राख्नुपर्छ र आफ्नो सक्रियता अरूलाई पनि काम लाग्ने किसिमको हुनुपर्छ भन्नेतिर पनि विचार पुऱ्याउनुपर्छ ।

पाको उमेरका मानिस के चाहन्छन् ? कस्तो काममा विशेष रुचि राख्छन् ? के पाको उमेरका मानिस कुनै निश्चित समयमा एक ठाउँमा भेला भएर हरेक दिन केही कुरा गर्न पाउँदा आफूलाई रमाइलो लागेको मान्छन् ? जसरी बालबालिकाहरू एक ठाउँमा खेल्न चाहन्छन्, पाको उमेरका मानिसहरू पनि



प्रा.डा. मुकेशकुमार चालिसे | जगदीशप्रसाद शर्मा | प्रा.डा. निर्मोही व्यास | डा.घनश्याम न्यौपाने परिश्रमी | डा.विश्वम्भर शर्मा

भन्नुलाई राम्रो मान्न थालेका छन् । पछिल्ला केही वर्षदेखि बूढो मानिस वा ज्येष्ठ नागरिक शब्दको ठाउँमा पाको मानिसको उपयोग सार्वजनिकरूपमा प्रा. डा. मुकेशकुमार चालिसेले गर्न थालेका छन् ।

डा. चालिसेले प्राध्यापन सेवाबाट निवृत्त जीवनलाई अझ बढी सक्रियता दिएका छन् । हालै उनको 'पाकाको रमाइलो र पिरलो' नामक कृति प्रकाशन भएको छ, जसलाई उनले 'ज्येष्ठ नागरिकसम्बन्धी पाठ्यसामग्री' भनेका छन्। डा. चालिसेको 'डाँडाका उज्याला जून' पनि प्रकाशित छ। यसैगरी 'पाका मान्छेका कुरा' र 'मानिला मान्छेका धामा' जस्ता कृतिहरू पनि प्रकाशित छन्। पछिल्लो समयलाई विचार गर्ने हो नेपालमा बुढ्यौलीसम्बन्धी सबैभन्दा बढी पुस्तक प्रकाशन गर्ने व्यक्तिको रूपमा डा. चालिसेलाई लिन सकिन्छ। यसरी मात्र होइन, आफ्नो उमेरलाई अध्ययन, भ्रमण तथा लेखनजस्ता सिर्जनात्मक क्रियाकलापमा समर्पित गरेका छन् । वार्धक्यलाई सक्रियतामा परिवर्तन गरेका छन् डा. चालिसेले ।

मधेश प्रदेशका पत्रकारहरूमा जगदीशप्रसाद शर्मा पाको उमेरमा पनि सक्रिय छन्। अध्ययनमा पनि रुचि छ। हरेक दिन पत्रिकाका सबै लेखहरूको सम्पादन गर्छन् । सम्पादन मात्र होइन, विभिन्न सामाजिक क्रियाकलापमा पनि संलग्न छन्। दुनियाँलाई थाहा हुँदैन तर कतिपय सङ्घसंस्थाको पुनरुद्धारमा योगदान दिइरहेका छन् । बाहिर चाहिं आफ्नो योगदार्न बताउन नचाहने शर्माका सिर्जनात्मक लेखन पनि निरन्तर जारी छ । लोकसाहित्य र संस्मरणमा, प्रकाशनका दृष्टिकोणले, शर्माको अभिरुचि देखिएको छ। आफ्नो कर्मले धेरैको आदर्श व्यक्तित्व बनेका छन् ।

सर्लाहीका रामचन्द्र महतो कुशवाहाको सक्रियता अत्यन्तै लोभलाग्दो छ। उनी शिक्षण पेशाबाट निवृत्त भएको दशक बितेको छ तर अहिले पनि उनको हरेक पल पूर्ण सक्रिय र सार्थक बितिरहेको छ। अत्यन्त व्यस्त कुशवाहा भाषा, साहित्य, समाजसेवा तथा अन्य गतिविधिमा पूर्ण समर्पित छन् । विगत करीब पाँच वर्षदेखि बज्जिका सेवामा पनि लागेका कुशवाहाका आधा दर्जन कृति प्रकाशित छन् । कुशवाहा आफैंमा एक आन्दोलनजस्तो व्यक्तित्वका धनी व्यतीत गरेका सेवानिवृत्त शिक्षक बिन्दा साहनी पनि पछिल्लो समय निकै सक्रिय भएका छन् । कृति प्रकाशन हुन बाँकी रहे पनि हिन्दी र बज्जिका भाषाका उनका कविताहरूले सबैजसो स्तरीय पत्रिकामा स्थान पाइरहेका छन् । मुश्किलले दुई वर्षदेखि साहित्यसेवामा आफूलाई समर्पित गरेका साहनीको जीवनको पछिल्ला दुई वर्षले नयाँ उचाइ दिएको उनी स्वयं बताउँछन् । पाको उमेरलाई अध्ययन, विश्लेषण तथा अरूलाई प्रेरणा दिन बिताउन चाहने साहनी आफैं अब सक्रिय साहित्यकारका रूपमा परिचित बन्दैछन् । अब उनले आफूजस्तै पाका उमेरका मानिसलाई सिर्जनात्मक कार्यमा सक्रिय हुनुपर्छ भनेर सिकाइरहेका छन् ।

प्रा.डा. निर्मोही व्यास, डा.घनश्याम न्यौपाने परिश्रमी, डा.विश्वम्भर शर्मा पनि सेवानिवृत्त जीवनलाई सक्रियतापूर्वक अगाडि बढाइरहेका छन्। पहिले साहित्य सिर्जनामा उति धेरै सक्रिय नरहेका तर सेवानिवृत्त जीवनलाई साहित्य र सिर्जनाका साथै साहित्यमय बनाउने व्यक्तित्वमा विनयराज गौतम पनि पर्छन्। रौतहटका शिवचन्द्र साह पनि सेवानिवृत्त जीवन अत्यन्त सक्रियतापूर्वक बिताइरहेका छन् । साहित्यको लागि सङ्गठन निर्माण गर्ने, संस्था चलाउने तथा लेखकहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने काममा उनी अत्यन्त सक्रिय छन्। केही समय पहिले सेवानिवृत्त भएका रमेशमोहन अधिकारीको सक्रियता र सिर्जनात्मकता दुवै उदाहरणीय छन्। हालै मात्र उनको एउटा कृति प्रकाशित भएको छ, नियात्राको । यस्ता अन्य व्यक्तित्वहरू पनि छन् जो सेवानिवृत्त जीवन वा पाको उमेरमा पनि लोभलाग्दो किसिमले सक्रिय छन् ।

भनिन्छ, सबैभन्दा प्रिय सक्रियता साहित्यकारहरूको हुन्छ। साहित्यकारलाई अध्ययन, भ्रमण तथा लेखनको क्षेत्र सक्रियताको लागि पर्याप्त हुन्छ । साहित्यकार जहाँ घुम्छन्, जे अध्ययन गर्दछन्, त्यसलाई अन्य समक्ष पुऱ्याउँछन्। आफ्ना अनुभव तथा अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गर्दछन् । फेरि लेखक साहित्यकारको आफ्नो क्षेत्र हुन्छ, आफूलाई मन परेको विषय हुन्छ अनि आफ्नो मौलिक शैली हुन्छ। यी सबैमा सन्तुलन बनाएर साहित्यकारले आफूलाई सक्रिय बनाइरहन्छन्। साँच्चीकै सक्रिय आफ्नो वयगत बौद्धिक विलास तथा पुराना सम्झनाहरू साटासाट गर्दै वर्तमानलाई रमाइलो बनाउन चाहन्छन्। वर्तमानमा यस्ता काम गरिरहेका छौं, यसरी समय बिताउन सजिलो भइरहेको छ, अहिले यस उमेरमा आएर व्यस्त हुन पाइएको छ भनेर एकापसमा अनुभव साटासाट गर्न पाउँदा कति आनन्द आउँदो हो। एकले अर्काबाट सिक्ने तथा एकले अर्कालाई सिकाउने गरी पाको उमेरका मानिसहरू एक ठाउँमा भेला हुँदा एक अर्काका सिर्जनात्मक धर्म तथा गुणबारे पनि जानकारी प्राप्त हुन थाल्छ सजिलैगरी। हरेक दिन उही समयमा भेट्दा उक्त समयलाई केवल बसिबियाँलोको रूपमा नलिई स्वास्थ्य, घरपरिवार, सोचाइ वा चिन्तन तथा सम्भव भएसम्म व्यवस्थितरूपमा लेख्न सकिने आदि विषयमा सिर्जनात्मक अन्तर्क्रिया गर्न सकिन्छ। आफ्नो ठाउँमा त हो नै, सम्भव भएसम्म अन्य ठाउँका पाको उमेरका मानिसहरूले कसरी आफूलाई व्यस्त र व्यवस्थित बनाइरहेका छन् ? यस विषयमा पनि अनुभव साटासाट गर्न सकिन्छ । प्रा. डा. मुकेशकुमार चालिसेले बुढ्यौलीलाई कसरी रमाइलो र सिर्जनात्मक बनाउने भन्ने विषयमा लेखेका पुस्तकहरू अनुभवका लागि मात्र नभएर सिकाइका लागि पनि निकै उपयोगी हुन सक्छ । सिर्जनात्मकता साहित्यिक मात्र हो भन्ने पनि होइन ।

ग्रामीण तथा शहरी, विपन्न तथा सम्पन्न र उच्च शिक्षित तथा निरक्षर पाको उमेरका व्यक्तिका समस्या, चाहना तथा अवस्था भिन्न हुन्छन्। पारिवारिक, सामाजिक तथा अन्य वातावरणले पनि प्रभाव पारेको हुन्छ। कतिपय अवस्थामा आफूले चाहेकोजस्तो परिवारको अवस्था नहुन पनि सक्छ। पाका उमेरका मानिस सबै चाहेर पनि सिर्जनात्मक हुन सक्दैनन्। आत्मनिर्भर र परनिर्भर पाका उमेरका मानिसले गर्ने समयको सिर्जनात्मक उपयोग भिन्न हुन सक्छ । समाजका सबैले देखेको र अनुभव गरेको सत्य हो, पाको उमेरका महिला र पुरुषका समस्या, चाहना तथा आवश्यकता र व्यवहारमा भिन्नता हुन्छ। समान उमेर, शारीरिक अवस्था तथा अन्य परिवेशमा पनि महिलाले कम फुर्सद र पुरुषले केही बढी फुर्सद पाइरहेका हुन्छन्। भनिन्छ, शिक्षित

(बाँकी पाँचौं पातामा)

अनुदित कथा

# दङ्गा

- वाले ओकेडिरन

*(नाइजेरियामा जन्मेका वाले ओकेडेरियन पेशाले चिकित्सक हुन्। समकालीन नाइजेरियन साहित्यका प्रमुख हस्तीका रूपमा परिचित ओकेडिरनको पहिलो उपन्यास* Rainbows are for lovers *सन् १९८७ मा प्रकाशनमा आएको थियो। त्यसपछि उनका १० वटा उपन्यास प्रकाशनमा आइसकेका छन्। नाइजेरियामा चिकित्सा पेशा र साहित्यलाई समानान्तररूपमा अगाडि बढाइरहेका छन्। नाइजेरियन लेखक सङ्घको महासचिव रहेका ओकेडिरनका थुप्रै कथा नाइजेरियाका विभिन्न पत्रिकाहरूमा छापिएका छन्।*

*सामुदायिक द्वन्द्व पृष्ठभूमिमा बालकलाई मूल पात्र बनाएर लेखिएको यो कथा उनको राम्रो कथामध्ये एक हो।)*

गर्मीको दिन थियो, आठ वर्षीया मेरी र उनको दाजु सामुयल बैठक कोठामा लुडो खेलिरहेका थिए । जोन वातुर बच्चाहरूको नजीकै कुर्सीमा पत्रिका पढिरहेका थिए ।

"ओहो ! फेरि पनि !" जोन अचानक कराए ।

"के भयो बुबा ?" मेरीले बुबातिर हेर्दै सोधी ।

"कानो, बाउची र काकुनामा फेरि मुस्लिम र क्रिश्चियनबीच झडप भएछ। त्यस दङ्गामा थुप्रै क्रिश्चियनले घर र सम्पत्ति गुमाएछन्," जोनले छोरीको जिज्ञासालाई शान्त पारे ।

"उनीहरूले कसैलाई मार्दैनन् होला, हगी !" सामुयलले भन्यो ।

"थुप्रै क्रिश्चियन मारिएछन्," जोनले दुःखी हुँदै भने– "दङ्गा जरियासम्म फैलिएको छ।"

त्यो समाचार सुनेर मेरी निकै डराई।

"बुबा, मुस्लिमहरू हामीसँग लड्न यहाँ त आउदैनन् ?" मेरीले सोधी ।

"हैन छोरी, दङ्गा यहाँसम्म आउनेछैन। यो काफान्चन क्षेत्रमा मुस्लिमभन्दा हामी क्रिश्चियन धेरै छौं। त्यसैले मुस्लिमहरूले यहाँ आउने साहस गर्नेछैनन्।"

त्यही हप्ताको शुक्रवार दिउँसो मेरी र उसकी साथी एरिक विद्यालयबाट घर फर्कंदै थिए। उनीहरूले सडक किनारमा कन्दुरा लगाएका एक हुल मान्छेहरू वादविवाद गरिरहेका देखें।

"उनीहरू के भन्दैछन् ?" मेरीले एरिकलाई सोधी ।

"सायद उनीहरूले आज मस्जिदमा सुनेका कुरामाथि छलफल गर्दैछन्," एरिकले भन्यो ।

धार्मिक दङ्गाको तयारी भइरहेको कुरा ती दुई केटीलाई थाहा थिएन। यस शहरमा मुस्लिमहरूको न्यून सङ्ख्या भएपनि उनीहरू क्रिश्चियनमाथि आक्रमण गर्ने तयारी गर्दै थिए । त्यहाँ मुस्लिम नेताले आक्रमण गर्न आदेश दिंदै थिए । केही बेरमा नै एक हुल मान्छेहरू युद्ध गीत गाउँदै सडकमा हिंड्न थाले । थुप्रै चर्च, पसल र घरहरू लुटिए वा आगजनी भए ।

दङ्गा फैलँदै गयो। सडकहरू धूँवाको मुस्लोले ढाकियो, जताततै मान्छेको कोलाहल सुनियो । घर पुग्ने बाटो पहिल्याउन नसकेपछि मेरी र एरिक रुन थाले ।

"ए हजुर कसैले त हामीलाई सहयोग गर्नुहोस् न," बल्दै गरेको घरबाट उठेको धूँवामा आँखा मिच्दै र सुकसुकाउँदै एरिकले भन्यो ।

"अब के गर्ने ? हामी घर कसरी पुग्ने होला ?" मेरीले रुँदै भनी, "हे प्रभु ! सहयोग गर्नुहोस् ।"

अचानक उनीहरूले केही क्रिश्चियनहरू पुलिस थानातिर दौड्दै गरेको देखे । "उनीहरूको पछि लागौं," एरिकले यति भनेर मेरीको हात समात्यो र दगुर्न थाल्यो । उनीहरू सँगै दगुर्दा मेरीको खुट्टा ढुङ्गामा ठेसिएर लडी ।

"एरिक ! एरिक ! मलाई सहयोग गर न," मेरीले आत्तिंदै भनी ।

एरिक मेरीतिर दौडियो र हात दिएर मेरीलाई उठायो। उनीहरू फेरि दौडिए। उनीहरू पुलिस थाना पुग्दा त्यहाँ मान्छे भरिसकेका थिए। ती दुई केटीहरू त्यही भीडमा खाँदिए ।

केही मिनेटपछि नै बजारतिर ठूलो होहल्ला हुन थाल्यो। लडाकू दस्ता जस्ता देखिने नयाँ समूह कराउँदै कन्दुरा लगाएका समूहको पछाडि दगुर्दै थिए ।

"क्रिश्चियनहरूले आक्रमण शुरू गरे," कसैले भन्यो । पुलिस थानाभित्र शरण लिएका कतिपयको अनुहारमा खुशी छाएको देखियो । त्यहींभित्रबाट केही युवा जमात निस्किए र सडकमा दौड्दै गरेको समूहमा मिसिए । त्यस समूहले अब मस्जिद र मुस्लिमका घरहरू जलाउन थालिसकेको थियो ।

पुलिस थानामा रहेको त्यही समूह माझ मेरीको घर नजीकैको पसलमा फलफूल बेच्ने एउटी आइमाईले आफूलाई लुकाइरहेकी थिइन्। उनलाई देखेर मेरी र एरिक एकछिन छक्क परे। जब दङ्गाको आवाज सुनिन छाड्यो मेरी ती आइमाईको नजीकै गई र सोधी– "तपाईं म र एरिकसँग मेरो घर जानुहुन्छ ?"

ती महिलाले प्रयत्न गर्ने कुरा बताइन्। तीनैजना मेरीको घरतर्फ दौडिए र मेरीको घरमा पुगे । मेरीलाई देखेर मेरीका बुबाआमा निकै खुशी भए । "हामीले तिमीलाई सबतिर खोज्यौं। धन्य प्रभु ! तिमी सुरक्षित रहेछौ," आमाले छोरीलाई बचाइदिएकोमा भगवान्लाई धन्यवाद दिइन्।

बल्ल आमाको ध्यान एरिकतर्फ गयो। "यिनी को हुन् ?" उनले छोरीलाई सोधिन्।

"मेरी साथी एरिक। उनी कक्षामा मसँगै बस्छिन्," मेरीले भनी, "उनको घर टाढा छ, त्यसैले मैले सोचें सब ठीक नहुन्जेल उनी यहीं बस्छिन्।"

"तिमी कहाँ बस्छौ ?" आमाले सोधिन्।

"मुस्लिम हाईस्कूलको स्टाफ क्वाटरमा । मेरा बाआमा त्यहाँ पढाउनुहुन्छ," एरिकले भनी।

"त्यसो भए तिमी पक्कै मुस्लिम हौला ?" आमाले भनिन्।

"हो ममी ! उनी मुस्लिम हुन् तर सार्है असल छिन्," साथीलाई सहयोग गर्नका लागि मेरीले प्रतिवाद गरी ।

"माफ गर मेरी ! तर एरिक यहाँ बस्न सक्दिन," आमाले भनिन्।

"तर ममी, उनी असल छिन् र मेरी साथी पनि। म सडकमा लड्दा यिनैले सहयोग गरेकी थिइन्। यिनी मुस्लिम भएकैले कसरी खराब हुन्छिन्," मेरीले आमालाई सम्झाउन खोजी।

"यदि उनीहरूले यिनलाई हामीसँग भेटे भने अपहरण गरे भन्ने ठान्नेछन्। अनि यो पनि क्रिश्चियनहरूले प्रतिवाद गर्न शुरू गरेका छन्। यदि तिनीहरूले एरिकलाई संरक्षण दिएको थाहा पाए भने हाम्रोलागि समस्या हुनेछ।"

"ममी ! प्लिज ! उनलाई यहीं बस्न दिनुहोस् न," मेरीले बिन्ती गरी ।

एरिकले पनि घुँडा टेकी र अनुरोध गरी, "प्लिज काकी, मलाई यहीं बस्न दिनुहोस् न। मेरो घर निकै टाढा छ। सडकमा अझै लडाइँ भइरहेको छ । मलाई मार्न नदिनोस् न।"

"अँ तिमीले ठीक भन्यौ। मुस्लिम विद्यालय साँच्चै टाढै छ। यदि हामी...," आमा मेरीको कुरामा सहमत हुँदै थिइन् तर बुबा जोनले कुरा काटे, "हुन्न हुन्न। यिनी मुस्लिम हुन्। यिनी जानै पर्छ।"

"हामी यिनलाई घरमा राख्न सक्दैनौं। मुस्लिमहरू दुष्ट हुन्छन्। उनीहरू हाम्रा शत्रु हुन्," दाजु सामुयलले थप्यो।

"तर सामुयल ! ममी बुबा !" मेरीले प्रतिवाद गर्दै भनी, "अस्ति आइतवार गुरुले भन्नुभएको हामी क्रिश्चियनहरूले शत्रुलाई माया गर्नुपर्छ रे। अनि समस्यामा परेका जोसुकैले सहयोग गर्नुपर्छ रे।"

"अहँ, होइन छोरी," बुबाले बेस्सरी टाउको हल्लाउँदै भने, "यो केटी यहाँ बस्न सक्दिन। उसलाई यहाँ राख्दा निकै खतरा हुन्छ।" जोनको यो कुरा सुनेपछि आँखाबाट आँसु बगाउँदै एरिक मेरीको घरबाट फर्कन खोजी। साथीका लागि मेरी पनि बेस्सरी रोई, उसको आँखाबाट आँसुका ढिक्काहरू बग्न थाले। सामुयलले एरिकलाई ढोकातिर धकाल्दै गर्दा मेरीको मनमा एउटा उपाय फुऱ्यो।

"पर्ख, सामुयल, उनको झोलाबाट मेरो किताब निकाल्न देऊ," मेरीले दाजुलाई रोक्दै भनी। एरिकले झोलाबाट पुस्तक निकाल्दै गर्दा मेरीले एरिकलाई साउतीको स्वरमा भनी, "पछाडिको ढोकामा जाऊ। म आएर खोलिदिनेछु।"

मेरीको घरको ढोका बन्द भएपछि एरिक सडकमा एक्लो परिन्। बिस्तारै रात पर्दै गयो। धूलोयुक्त हावा चल्न जोडले थाल्यो। यो चीसो पनि थियो। त्रास र जाडोले एरिकका दाँत कटकटाउन थाले। ऊ चाल मार्दै घरको पछाडि पुगी र एउटा झाडीको छेल पारेर बसी। निकैबेरपछि मेरी चुपचाप आई, बिस्तारै भान्सा कोठाको ढोका खोली र एरिकलाई भित्र ल्याई। बुबाआमा नसुतुन्जेल उसले एरिकलाई आफ्नो कोठामा खाटमुनि लुकाई। भोलिपल्ट बिहान वातुर परिवारले दङ्गाको क्रममा मुस्लिम विद्यालय पूर्णरूपमा जलेर भस्म भएको खबर सुने। रेडियोले केही शिक्षक, विद्यार्थीहरू घाइते भएका र केही मारिएको समाचार भन्दै थियो। मेरीकी आमाले मेरीकी साथी एरिकलाई सम्झिई, जो मुस्लिम स्कूलमा अभिभावकसँग बस्थी। 'बिचरा एरिक ! भगवान्लाई मात्र थाहा छ, उसमाथि के घटेको थियो," उनले आफैंलाई भनिन् अनि जोन तिर फर्केर गुनासो गरिन्। "म उसलाई यही राख्न चाहन्थें तर तिमीले अस्वीकार गऱ्यौं। ऊ क्रिश्चियन जस्ती थिइन्।"

जोनले एकछिन ग्लानि महसूस गरेर भने, "मलाई लाग्छ, ऊ कतै सुरक्षित छे र उसको बुबाआमा पनि । मेरो अन्तरात्माले यही भन्छ।"

मेरीको आमा चिन्तित देखिइन् । उनले छोरीतिर हेर्दै भनिन्– "मेरी, तिम्रो साथीका लागि हामी साँच्चै माफी चाहन्छौं। हुन सक्छ उनीहरू त्यहाँबाट फुत्किएका होऊन्। त्यस दङ्गामा त्यहाँका सबै मारिएका छैनन्। उसलाई यहाँबाट फर्काएकोमा म माफी चाहन्छु, छोरी।"

तर मेरीले निश्चिन्त हुँदै भनी, "एरिक सुरक्षित छिन्। म मात्र उनको बुबाआमा सुरक्षित होऊन् भन्ने कामना गर्छु।"

जब बुबाआमाले अनौठो मान्दै हेरे मेरीले थपी, "हिजो बेलुकी उनको झोलाबाट मेरो किताब निकाल्न लाग्दा उनलाई मैले पछाडिको ढोकामा आउन भनेको थिएँ। पछि मैले उनलाई भित्र ल्याएँ र तपाईंहरू नसुतुन्जेल खाटमुनि लुकाएर राखें।"

"के ऊ अझै तिम्रै कोठामै छे ?"

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

हाम्रो चित्त र चेतनालाई पनि हामी ठीक यस्तै मान्न सक्छौं । अर्को शब्दमा भन्ने हो भने हामी जसलाई मन भन्छौं, त्यसैलाई आत्मा पनि भन्न सक्छौं । सत्य एउटै छ, जस्तो पानी । पानीको एउटा गहिराइ हुन्छ भने एउटा माथिल्लो सतह हुन्छ । अक्सर जसले मैले सागर देखेको छु भन्छ, उसले सागरको त्यही माथिल्लो सतह देखेर आएको हुन्छ । सागरको गहिराइसँग ऊ अपरिचित नै हुन्छ ।

ठीक उसै प्रकारले हाम्रो जीवन मनको सतहमा नै चलिरहेको छ । हामीहरू मनको गहिराइमा प्रवेश गर्न सकेका छैनौं । यदि हामी मनको गहिराइमा प्रवेश गर्न सकेको भए, हामी निर्मलता एवं पावनताको लोकमा पुग्ने थियौं । सागरको माथिल्लो सतहमा त धेरै फोहोर नै फोहोर छ । तपाईं सागरको किनारमा घुम्न जानु भएको भए हजुरले देख्नुभएको होला । भारतका अधिकांश सागर तटमा धेरै मात्रामा फोहोर देख्न सकिन्छ । नदी नालाबाट धेरै मात्रामा फोहोर सागरमा आइरहेका छन् । सागरको माथिल्लो सतह त बिल्कुलै फोहोर र दुर्गन्धपूर्ण छ । प्लास्टिक तथा काँचका हजारौं बोतल तैरिरहेका देखिन्छन् । ज्वारभाटाले धेरै कन्टेनर समुद्रको तटमा नै छोडिदिन्छ । करोडौं माछा मर्छन्, त्यसको गन्ध र ती माछाहरूको लाश त्यही समुद्र किनारको पानीमा जान्छ । त्यसैले समुद्र सतहको पानी धेरै फोहोर छ । तर समुद्रको गहिराइमा सबैथोक पवित्र छ, निर्मल छ । ठीक यस्तै हाम्रो चित्त छ, हाम्रो मन छ । हाम्रो मनको माथि धेरै अशुद्ध छ, तर मनको गहिराइमा जाने हो भने त्यही मन शुद्ध आत्मामा प्रवेश हुन्छ । यसैले हामी भन्ने गर्छौं, निर्मल मन नै हाम्रो आत्मा हो ।

माथिमाथि लहरहरू उठिरहेका छन्, खसिरहेका छन् । यी सबै विचारका तरङ्गहरू हुन् । यी तरङ्गहरू हाम्रा भावनाहरूका, कल्पनाहरूका, सपनाहरूका, योजनाहरूका, स्मृतिहरूका तरङ्गहरू हुन् । यदि यी सबै तरङ्गहरू केही बेरको लागि शान्त भए भने हामी हाम्रो मनको गहिराइमा प्रवेश गर्न सक्छौं । यी लहरहरूले अल्झाइदिएको कारणले गर्दा हामी मनको गहिराइमा पुग्नै पाउँदैनौं । त्यसैले ध्यान साधनाको मुख्य लक्ष्य नै मनको सफाइ गर्नु हो । हाम्रो मनमा थुप्रिएका फोहोरहरूको सफाइ गरेर त्यसबाट हामी छुटकारा पाउन सकौं । यदि हामीले यसबाट छुटकारा पाउन सक्यौं भने अचानक हाम्रो प्रवेश मनको गहिराइमा हुन सक्छ । नत्रभने हामीलाई यिनै लहरले माथिमाथि उठाएर राख्छन् ।

प्रत्येक व्यक्ति एउटा ऐना हो । बिहानदेखि बेलुकासम्म यो ऐनामा धूलो जम्ने गर्छ । यो धूलोलाई जम्दै जाने दिने हो भने यो ऐना ऐना रहँदैन । जस्तो स्वयंको ऐना हुन्छ, त्यस्तै नै ज्ञान हुन्छ । हाम्रो ऐना जति मात्रामा ऐना हुन्छ, त्यसमा त्यति नै मात्रामा सत्य प्रतिफलित हुन्छ ।

एउटा शिष्यले गुरुलाई सोध्यो– हे गुरुवर ! मैले नगरी नहुने काम के हो ? गुरुले भन्नुहुन्छ– तिमीले तिम्रो मनरूपी ऐनालाई राति सुत्ने बेलामा एकपटक राम्ररी माझ्नु र दिनभरिमा त्यसमा टाँसिएको धूलोमैलो हटाउनु र बिहान उठ्ने बित्तिकै फेरि राम्ररी माझ्नु र रातभरि त्यसमा टाँसिएका धूलोमैलो हटाउनु । यही नै तिमीले नगरी नहुने सबैभन्दा महत्त्वपूर्ण काम हो । हाम्रो जीवनको स्वच्छता हाम्रो मनरूपी ऐनाको स्वच्छतामा निर्भर गर्छ । जसले यस कामलाई विस्मरण गर्छ, उसले आफ्नै खुट्टामा बन्चरोले हान्छ ।

ऐनाको नियमित सरसफाइ जरुरी छ, नत्र त्यो ऐना ऐना रहनेछैन । यसले परावर्तन गर्न बन्द गरिदिन्छ । ऐना तब मात्र ऐना जस्तो हुन्छ, जब यसमा धूलो जमेको हुँदैन । त्यसैगरी, हाम्रो मनमा स्मृतिहरूका, कल्पनाहरूका, सपनाहरूका, विचारहरूका धूलाका परतहरू जमेर बसेका छन्, त्यसलाई सफा गर्नु नै ध्यान साधनाको मुख्य लक्ष्य हो ।

चित्तको सफाइ साक्षी भावमा रहेर गर्न सकिन्छ । यदि हामी द्रष्टा बनेर चीजहरूलाई हेर्छौं, सजग भएर चीजहरूलाई हेर्छौं भने त्यसबाट एउटा दूरी निर्मित हुन्छ । जे घटना घटिरहेका छन्, त्यसबाट जुन प्रभाव हाम्रो मनमा परेको छ, त्यसबाट लहर पैदा हुन्छ । मानौं कसैले अपमानजनक शब्द मलाई भन्यो, यसले गर्दा मेरो मनमा क्रोधको लहर पैदा भयो । यदि म चैतन्य छु, सजग छु भने म चुपचाप शान्तिपूर्वक यस घटनालाई हेर्नेछु । म सोच्ने छु कि यो मानिस रिसाएको छ, अपशब्द प्रयोग गरिरहेको छ, यो उसको भावदशा हो, यो उसको समस्या हो । यसबाट मेरो शान्ति खण्डित हुनेछैन र मेरो क्रोधका तरङ्ग र लहर मेरो मनमा उठ्नेछैनन् ।

सजगताको अभ्यास तथा साक्षी भावको अभ्यासले हामीलाई आफ्नो गहिराइबाट हट्न दिँदैन । फेरि हामी यहाँ स्थिर रहन्छौं । फेरि कुनै व्यक्ति आएर मेरो प्रशंसा गर्नेछ । एउटा मानिस आएर गाली गर्नेछ । अर्को आएर गीत गाउनेछ । तर पनि म प्रभावित हुनेछैन । मभित्र त्यही शान्ति मौजुद रहनेछ । अन्यथा यदि प्रसन्नताको लहर आयो भने फेरि चित्त निर्मल रहेन किनकि तरङ्ग आयो, लहर आयो ।

न मलाई क्रोधको तरङ्ग आयो, न प्रसन्नताको तरङ्ग आयो । म हरहालतमा शान्त स्थितिमा रहन सकें भने बल्ल मलाई गहिराइ प्राप्त हुन शुरू हुन्छ । त्यो जुन तरङ्ग आइरहेको थियो, यही फोहोर र धूलो हो, जुन ऐनामा टाँसिन्छ । यो फोहोर र धूलो जमेन भने मात्र ऐना स्वच्छ हुन्छ ।

हाम्रो चेतना ऐना जस्तै छ । यसले खाली परावर्तन मात्र गर्छ । त्यो मानिसले गाली दियो अथवा गीत गायो, आलोचना गर्‍यो वा प्रशंसा गर्‍यो, यो सबै कुरा ऐनाले बताउँछ कि यस्तो यस्तो भयो । तर यसको प्रतिक्रिया हुनेछैन । यसैलाई साक्षीभाव वा द्रष्टाभाव भनिन्छ । यदि हामीले साक्षीभाव वा द्रष्टाभाव साध्यौं भने हाम्रो मनरूपी ऐनामा फोहोर र धूलो टाँसिनेछैन । हाम्रो मनरूपी बर्तन सफा रहनेछ ।

निश्चितरूपमा साक्षी चैतन्य मात्र नभई अन्य कुराहरू पनि महत्त्वपूर्ण भएकोले ओशोले आफ्ना प्रवचनहरूमा अन्य कुराहरू पनि उल्लेख गर्नुभएको छ । उहाँ भन्नुहुन्छ– प्रेमभावको शुद्धीकरण अत्यन्तै महत्त्वपूर्ण छ । मोटामोटीरूपमा हेर्दा संसारमा दुई प्रकारका मानिसहरू पाइन्छन् । एक प्रकारका मानिसहरू पुरुषचित्त भएका हुन्छन् भने अर्का प्रकारका मानिसहरू स्त्रीचित्त भएका हुन्छन् । जति मानिस पुरुषचित्तका हुन्छन्, उनीहरूको साधनाको मार्ग ध्यानमार्ग हो । उनीहरूले आफ्नो चेतनाको दर्पणलाई सफासुग्घर राख्नुपर्नेछ । उनीहरूले साक्षीभावको साधना गर्नुपर्नेछ । उनीहरूले धेरैभन्दा धेरै चैतन्य बन्नुपर्नेछ । उनीहरूले सुपर कन्ससनेसको अवस्था प्राप्त गर्नुपर्छ । स्त्रीचित्त भएका मानिसहरूको लागि भने प्रेम, श्रद्धा, भक्ति, प्रार्थना एवं समर्पणको मार्ग हो ।

एउटा ध्यानमा राख्नुपर्ने कुरा के छ भने स्त्री शरीर भएका सबै स्त्री स्त्रीचित्त भएकै हुन्छन् भन्ने छैन । यसैगरी, सबै पुरुष शरीर भएका पुरुषहरू पुरुषचित्त भएकै हुन्छन् भन्ने पनि छैन । यहाँ मानसिक प्रवृत्तिको कुरा भइरहेको छ । शारीरिक रचनाको कुरा भइरहेको छैन ।

ओशोले यसमा पनि बराबर महत्त्व दिनुभएको छ । उहाँले साक्षी चेतनाको मात्र नभएर प्रेम भावनाको, भक्ति भावनाको र समर्पणको पनि कुरा गर्नुभएको छ । यी दुवै कुरा महत्त्वपूर्ण छन् । किनकि मनुष्य जातिमा करीबकरीब आधा मानिसको लागि साक्षी चेतना भएकाको ध्यानको मार्ग हुनेछ र करीब आधा मानिसको लागि प्रेम भावना तथा भक्तिको मार्ग हुनेछ ।

क्रमशः

# युद्धमा प्रयुक्त हुने ग्याँस



स्वास्थ्य चर्चा

**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com

जुन ग्याँस युद्धमा दुश्मन सेनालाई नोक्सान पार्न वा मार्न तथा आन्दोलन आदिमा भीडलाई तितरबितर पार्न प्रयुक्त हुन्छ, त्यसलाई वार–ग्याँस भनिन्छ । यसलाई रासायनिक हतियार पनि भनिन्छ । यो ग्याँस द्रव वा ठोसरूपमा प्रयोग गरिन्छ । विश्वयुद्धमा यसको प्रयोगले एक मिलियन मानिस मरेका थिए । त्यसैले युद्धपछि जेनेभा प्रोटोकल अनुसार यसमाथि प्रतिबन्ध लगाइयो । सद्दाम हुसेनलाई रासायनिक हतियार बनाएको झूटो आरोपमा यसै प्रोटोकल अनुसार मारियो । जर्मनीले पहिले यस हतियारको प्रयोग गरेपछि हतारहतारमा ब्रिटेन र फ्रान्सले पनि विकसित गरेका थिए । यसमा प्रयोग हुने ग्याँस निम्नलिखित हुन्–

१.भेसिकेन्ट वा ब्लिस्टरिङ ग्याँस २. एसफेक्सिएन्ट ३. टियर ग्याँस ४. इरिटेन्ट ५. पारालाइसेन्ट र ६. नर्भ ग्याँस ।

**१. भेसिकेन्ट वा ब्लिस्टर ग्याँस** मुख्यतः मस्टर्ड ग्याँस वा लेबिसाइट हुन्छ, जसलाई क्रमशः डाइइथाइल सल्फाइड र क्लोरोभेनाइल डाइक्लोरोसिन पनि भनिन्छ । मस्टर्ड ग्याँसलाई येलोक्रस वा गामापर्टाइट पनि भनिन्छ, जसको विश्वयुद्धमा व्यापक प्रयोग भएको थियो । पाठकवृन्द ! मस्टर्ड ग्याँस नाम भएपनि यसको सस्र्यूंसँग कुनै सम्बन्ध छैन । सस्र्यूं जस्तो रङ्ग भएकोले यसको नाम मस्टर्ड ग्याँस राखियो । यसको आविष्कार प्रख्यात केमिस्ट फ्रिट्ज हेवरले गरेका थिए र यसको लागि उनलाई सन् १९१८ को नोबेल पुरस्कार पनि दिइयो । मस्टर्ड ग्याँस भारी र गाढा रङ्गको द्रव हो, जुन सामान्य तापक्रममा पनि ग्याँसमा परिवर्तित हुन्छ । यो पानीमा घुल्दैन र छोडेपछि बिस्तारै वाष्पीकृत हुन्छ तथा लामो समयसम्म चल्छ । यसको गन्ध सस्र्यूं वा गार्लिक जस्तो हुन्छ । यो पाराफिन, पेट्रोल, बेन्जिन, इथर, अल्कोहल र रबरमा तथा कार्बनबाइसल्फाइडमा घुलनशील हुन्छ । यसले कपडा, छाला, काठ र ईंटाको पर्खाललाई पनि छेडेर प्रवेश गर्ने क्षमता राख्छ । यो एउटा कडा अल्कलेनाइटिङ एजेन्ट हो, जुन द्रव वा ग्याँस दुवै रूपमा भयानक खतरनाक हुन्छ । यो एउटा छुपारूस्तम हो, जुन प्रायः दुईदेखि चार वा कहिलेकाहीं २४ देखि ४८ घण्टामा आफ्नो असर देखाउँछ । यसले अति आँसु ल्याउने, नाक बग्ने, ट्रेकियाइटिस, ब्रोन्काइटिस, वाकवाकी, बान्ता र गैस्ट्राइटिसको भारी दुःखाइ दिन्छ । यो कपडा र छाला छेडेर भित्र पुग्छ र बेस्सरी चिलाउने, रातोपन, फोका र घाउ बनाउँछ । यसले काखी र यौनाङ्ग वरिपरि तिघ्रा आदि, जहाँ पसिनाले भिजेको हुन्छ, त्यहाँ बढी असर गर्छ तर खुला ठाउँमा पनि कम असर पार्दैन । यसले पारेको घाउमा जब सङ्क्रमण हुन्छ, तब छुट्न धेरै कठिन हुन्छ । यसले हत्केला, गर्दन र अनुहार पनि विकृत बनाइदिन्छ । यसको कडा मामिलामा आइलिड फुल्नु, कन्जक्टाइभा, कोर्निया र यहाँसम्म कि पूरै आइबल नै पाकेर नष्ट हुन्छ । मृत्यु प्रायः सेप्टिक ब्रोन्काइटिस र ब्रोकोनिमोनियाले हुन्छ ।



हलुका मामिलामा ब्रोन्काइटिस र ब्रैंकिएक्टेसिस अर्थात् पिपको थैली बनिरहन्छ ।

लेबिसाइट भने लिपिडमा घुलनशील आर्सेनिक हो । यो भारी, तैलीय र आर्सेनियम धातुजस्तो गन्ध भएको हुन्छ । यो पानी र अल्कलीले प्रभावहीन हुन्छ । यो तेल र बेन्जिनमा घुलनशील हुन्छ । छाला र फोक्सोको लागि यो मस्टर्ड ग्याँसभन्दा धेरै बढी खतरनाक हुन्छ । यसको फोका नबुझिंदो हुन्छ, जसमा आर्सेनिक र श्वेत रक्तकण पाइन्छन् । मस्टर्ड ग्याँसको फोका एकदमै सफा हुन्छ, जसमा मस्टर्ड पाइँदैन ।

**२. एसफेक्सिएन्ट अर्थात निस्सासिने ग्याँस :** यस अन्तर्गत क्लोरिन, फास्जिन, डाइफास्जिन र क्लोरोपिक्रिन पर्छन् । यो श्वसन मार्ग भई फोक्सोको अन्तिम भाग अल्भिवोलसमा पुगेर खतरनाक प्रभाव पार्छ । फास्जिन रङ्गहीन ग्याँस हो, जसको गन्ध कुहिएको भुसाजस्तो हुन्छ । यो हावाभन्दा साढे तीन गुणा भारी हुन्छ । पानीले यसलाई हाइड्रोक्लोराइड र कार्बोनिक एसिडमा तोडिदिन्छ । यो क्लोरिन ग्याँसभन्दा १० गुणा बढी खतरनाक हुन्छ । तर कम घुलनशील भएको हुनाले यसको एक्सन बिस्तारै हुन्छ । यस कारण मान्छेमा यसको असर केही घण्टापछि हुन्छ । डाइफास्जिन तैलीय द्रव हो, जसको गन्ध फास्जिन ग्याँस जस्तै हुन्छ । यो फास्जिन जत्तिकै विषालु हुन्छ र बढी आँसु निकाल्छ । फास्जिन र डाइफास्जिन दुवैलाई ग्रीनक्रस भनिन्छ । क्लोरोपिक्रिन पनि एउटा तैलीय द्रव हो, जसको गन्ध क्लोरिनजस्तै हुन्छ तर क्लोरिनभन्दा चार गुणा बढी विषाक्त हुन्छ । यो ५० प्रतिशत सोडियम सल्फाइडको अल्कोहलिक घोलमा नष्ट हुन्छ । यी उपरोक्त ग्याँसहरू शरीरभित्र पुगेपछि आँखाबाट पानी आउने, कफ, दम र छातीमा सङ्कुचन र दुःखाइ महसूस हुने, टाउको दुःखाइ, डकार आउने र बान्ता आउने हुन्छ । त्यसपछि जबरदस्त छटपटी, छिटोछिटो सास चल्ने, साइनोसिस र अन्त्यमा मृत्यु हुन्छ । मृत्यु २४ देखि ४८ घण्टाभित्र फोक्सो सुन्निएर हुन्छ । यदि मृत्यु ४८ घण्टापछि भयो भने कारण ब्रेन्कोन्युमोनिया हो । यसको उपचार आराम र आक्सिजन इन्हेलेशन हो । १९८४ मा चर्चित भोपाल ग्याँसकाण्डमा २००० मानिसभन्दा बढी मरेका थिए । त्यति बेला फास्जिनले नै बनाइएको ग्याँस लीक भएको थियो ।

**३. टियर ग्याँस (अश्रु ग्याँस) :** यसलाई लैक्रेमाइटर पनि भनिन्छ । यो मुख्यतः क्लोरोएसिटोफिनोन, इथाइल इन्डोएसिटेट र ब्रोमोबेन्जाइल सायोनाइड हो । क्लोरोएसिटाफिनोन रङ्गहीन र ठोस क्रिस्टल हो । यो पानीमा अलिअलि घुलनशील तर इथर, अल्कोहल र बेन्जिन तथा सोडियम कार्बोनेटको तातो घोलमा घुलनशील हुन्छ । इथाइल्वायड गहिरो खैरो रङ्गको द्रव हो, जसको गन्ध नासपातीको रसजस्तो हुन्छ । ब्रोमोबेन्जाइल साइनाइड भारी, तैलीय र गाढा खैरो रङ्गको द्रव हो, जुन धेरै स्थिर हुन्छ । यो दङ्गा र उपद्रव दबाउन प्रयोग गरिन्छ । पेनगनमा पाउडरको रूपमा यसलाई इन्जेक्ट गरिन्छ । यसको भापमा पर्ने मान्छेको आँखामा भयङ्कर इरिटेशन हुन्छ र प्रचुर मात्रामा आँसु निस्कन्छ । परेला सङ्कुचित हुनुको साथै अस्थायीरूपको अन्धोपन पनि हुन्छ । यदि बढी संपृक्त छ भने यसले घाँटी, फोक्सो र छातीसमेतमा इरिटेशन गर्छ । यदि लामो समयसम्म जारी रह्यो भने वाकवाकी, बान्ता, ट्रेकियाइटिस, ब्रोन्काइटिस र छालामा फोका पनि पार्छ । टियर ग्याँसको प्रभाव अल्पकालिक अर्थात् १५ मिनेट रहन्छ, जसले त्यति बेरसम्मका लागि मान्छेलाई अयोग्य बनाइदिन्छ र जीवनको लागि कुनै खतरा हुँदैन । तर उच्च संपृक्तामा मृत्यु भएको पनि रिपोर्ट छ ।

**४. नेजल इरिटेन्ट अर्थात नाकको उत्तकलाई उत्तेजित पार्ने ग्याँस :** यी आर्सेनिकका ठोस आर्गेनिक कम्पाउन्ड हुन्छन्, जुन ताप पाएर धूवाँको रूपमा फैलिन्छ । यसमा डाइफिनाइलक्लोरो आर्सिन, डाइफिनाइलामिनक्लोरोआर्सिन र डाइफिनाइलसाइनार्सिन हुन्छ । यीमध्ये पहिलो रङ्गहीन क्रिस्टल हो, जुन पानीमा कम घुलनशील तथा फास्जिन र क्लोरोपिक्रिनमा राम्ररी घुलनशील हुन्छ । दोस्रो पहेंलो क्रिस्टल हो, जुन गन्धहीन हुन्छ । तेस्रो सेतो र गन्धहीन हुन्छ । यसको भापले नाकमा तीव्र इरिटेशन गराएर लगातार छिक्न लगाएर सुस्ती, टाउको दुःखाइ, गिजामा पीडा, र्‍याल आउने, वाकवाकी, बान्ता, छाती भारी महसूस हुनुका साथै दुःखाइ र मान्छेलाई अस्थायीरूपले घोप्टो पर्न विवश पार्छ, जसलाई प्रोस्ट्रेशन भनिन्छ । असर त अस्थायी नै हुन्छ तर शत्रु सेनाको मनोबल स्थायीरूपले खस्काइदिन्छ । यसको उपचारमा मान्छेलाई ताजा हावामा राख्ने, नाक तीन प्रतिशत सोडिबाइकार्बले धुने, घाँटीमा दुःखाइ छ भने यसैको घोलले कुल्ला गर्ने तथा साइनसमा दुःखाइ छ भने क्लोरोफार्मको पफ दिइन्छ ।

**५. पारालाइसेन्ट पक्षाघात गर्ने ग्याँस :** यस ग्रुपभित्र हाइड्रोसायनिक एसिड र सल्फ्युरेटेड हाइड्रोजन पर्छ, तर यो वार–ग्याँसको रूपमा धेरै उपयोगी हुँदैन । युद्धको समयमा यसको ठीकठीक कन्सन्ट्रेसन बनाउन कठिन हुन्छ ।

**६. नर्भ वा स्नायु ग्याँस** : विश्वयुद्धमा सैनिकहरूले यसको प्रयोग गरेका थिए । यो रङ्गहीन र गन्धहीन द्रव हो, जुन फस्फेटको इस्टर हो र सीधैं स्नायुतन्त्रलाई बर्बाद पार्छ । अस्तु ।

## समय खराब हुँदा

**- राजेन्द्र कोइराला**

जब दिन बिग्रन थाल्छ नि
आफ्नो छायाले पनि आफूलाई चिन्न छाड्छ
जब ग्रह गोचर खराब हुन्छ नि
आफूलाई सल्लाह दिने प्रत्येक मानिस
आफ्नो दुश्मन जस्तो लाग्छ ।
हो, त्यही बेला आफ्नोले आफूलाई
बुझिदियोस् जस्तो लाग्छ
तर यो हाम्रो समाज खै के खै के, है ।

जब फेरि समय आफ्नो पक्षमा आउन थाल्छ नि
सबै फेरि परिवर्तन हुन्छन् ।

जुन व्यक्तिहरू तिम्रोविरुद्धमा थिए,
ती सबै फेरि तिमीसँग जोडिन खोज्छ ।

तिम्रो कुरा जुन सबैलाई फाल्तु लाग्थ्यो,
ती सबै फेरि राम्रा लाग्न थाल्छन,
र तिनै तिम्रा हिजोका बैरीहरू तिम्रो
स्तुतिगान गाउन थाल्छन्,

र जीवनको रङ्ग नै अचम्मको लाग्न
थाल्छ ।

### दङ्गा ...

आमाले आश्चर्य मान्दै सोधिन् ।

"हजुर ! आमा !"

"जाऊ लिएर आऊ । सँगै खाजा खाऔं," बुबाले भने, "अब उनको बुबा आमालाई खोज्न जानुपर्छ । तर रेडियोमा आएको समाचारबारे उनलाई केही नभन्नू । एरिकलाई चिन्तित बनाउनु जरुरी छैन," बुबाले मेरीलाई सचेत गराउँदै रेडियो बन्द गरे ।

एरिकलाई लिन मेरी दौड्दै कोठातिर लागी । मेरी साथीलाई लिएर तुरुन्त आइपुगी । एरिक निकै थकित जस्तो देखिन्थी । एरिक आएपछि मेरीकी आमा र बुबाले उसलाई अँगालो मार्दै भने, "तिमीलाई यहाँ सुरक्षित देखेर साह्रै खुशी लाग्यो ।"

"हिजो बेलुका तिमीलाई फर्काएकोमा हामी माफी चाहन्छौं," मेरीकी आमाले भनिन् । "हामी साँच्चै नै माफी माग्न चाहन्छौं," बाबुले थपे, "आऊ खाजा खाऊ, त्यसपछि तिमीलाई तिम्रो बुबाआमा कहाँ पुर्‍याइदिउँला ।" त्यतिखेर नै सामुयल कोठामा पसेर रेडियो खोल्यो । डराएका वातुरले केही गर्नु अघि नै रेडियोमा दोहोर्‍याइएको समाचार सुनियो, 'स्टेशन रोडमा अवस्थित मुस्लिम विद्यालय जलाइएको छ ।'

"त्यहाँ त मेरो परिवार बस्थ्यो," समाचार सुन्नासाथ एरिक चिच्याई । वातुर परिवारले एरिकलाई सान्त्वना दिए, ऊ भने सुकसुकाउन थालेकी थिई ।

"एरिक ! भो नरोऊ मलाई पक्का विश्वास छ, तिम्रो परिवारलाई केही भएको छैन । म गएर उहाँहरूलाई यहाँ ल्याउनेछु । सामुयल, तिमी म नफर्कियुन्जेल बहिनीहरूसँग खेल," जोन वातुरले भने ।

"म पनि तपाईंसँगै जान चाहन्छु," एरिकले भनी तर वातुर दम्पतीले एरिकलाई त्यही बस्नका लागि राजी गराए ।

एक घण्टापछि मेरीले आफ्नो बुबाको कारको परिचित आवाज सुनी । झ्यालबाट बाहिर हेर्दै साथीलाई बोलाई, "एरिक आऊ, तिम्रो बाआमा आउनुभएको छ ।" ऊ दौड्दै ढोका बाहिर गएपछि एरिक आफ्नो बुबाआमाको अँगालोमा बेरिई ।

"बाँच्यौ ! बाँच्यौ !! अल्लाहको निगाहले तिमी बाँच्यौ," एरिकलाई हावामा खेलाउँदै एरिकको बुबाले भने । "हो हामी आभारी छौं, अल्लाह र वातुर परिवारप्रति," एरिकको आमाले छोरीलाई अँगालो हाल्दै भनिन् ।

एरिक आफ्ना दाइ, दिदीहरूको बारेमा जान्न इच्छुक देखिइन् । "जिदे, सादे, सिमी, वायो खै त ?" उसले सोधी ।

"उनीहरू सरकारी अतिथि घरमा पर्खिरहेका छन्, जहाँ दङ्गाको समयमा हाम्रो घर जल्दा हामीले आश्रय लिएका थियौं । त्यहाँ गएपछि तिमीले सबै कुरा सुन्न पाउनेछौं ।"

एकछिन सब चुपचाप भए । एरिकको बुबाले निराश हुँदै घडी हेरे, "अब हामी जानै पर्छ । सहयोगका लागि धेरैधेरै धन्यवाद । हामी यो ऋण कहिल्यै बिर्सने छैनौं," उनले वातुरतिर फर्कँदै भने ।

'वास्तवमा यो सब मेरीका कारण भएको हो । उसलाई धेरैधेरै धन्यवाद । तर उसको लागि यस्तो कार्य अन्तिम भने होइन ।'

एरिकले साथीलाई केही भन्न सकिरहेकी थिइन् । उसले साथीलाई ग्वाम्लाङ्ग अँगालो मारी र अलग भएपछि बुबाआमासँग हिडी ।

(अनुवादः केशरी अम्गाई, साभारः समकालीन साहित्य)

### पाको ...

मानिसलाई तुलनात्मकरूपमा बुढ्यौली बिताउन सजिलो हुन्छ ।

कृष्णमुरारी गौतम (चट्याङ मास्टर) र रामचन्द्र रिजाल (आर.सी. रिजाल)ले बुढ्यौली साहित्यको क्षेत्रमा निकै ठूलो काम गरेका छन्, गरिरहेका छन् । उमेरले ज्येष्ठ नागरिक भइसकेका मानिसको लागि साहित्य सिर्जना गर्नु नै यस बुढ्यौली साहित्यको उद्देश्य हो । साँच्चीकै पाको उमेरलाई सक्रिय बनाउन, सिर्जनात्मक बनाउन अनेक तरीका रहेकाले आफ्नो परिवेश अनुसार सिर्जनात्मक बन्नुपर्ने रहेछ ।

# अन्तर्राष्ट्रिय समाचार

## भारतद्वारा पृथ्वी अवलोकन उपग्रहको सफलतापूर्वक प्रक्षेपण




नयाँ दिल्ली, ३२ साउन/सिन्ह्वा

भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो)ले शुक्रवार पृथ्वी अवलोकन उपग्रह इओएस–०८ बोकेको तेस्रो र अन्तिम विकास उडान अर्थात् सानो सेटेलाइट लन्च भेहिकल (एसएसएलभी)–डी ३ को सफलतापूर्वक प्रक्षेपण गरेको अधिकारीहरूले बताएका छन् ।

एसएसएलभी–डी ३ ले दक्षिणी भारतीय राज्य आन्ध्र प्रदेशस्थित बङ्गालको खाडी तटमा रहेको श्रीहरिकोटाको लन्च प्याडबाट स्थानीय समय अनुसार बिहान ९:१७ मा उडान भरेको थियो ।

“एसएसएलभीको तेस्रो विकासात्मक उडान सफल रह्यो । एसएसएलभी–डी ३ ले इओएस–०८ लाई ठीक सटीकरूपमा कक्षमा स्थापित गऱ्यो,” इसरोले सामाजिक सञ्जालमा पोस्ट गरेको विज्ञप्तिमा भनिएको छ, “यो इसरो/डिओएसको एसएसएलभी विकास परियोजनाको सफल समापनको प्रतीक हो, प्रविधि हस्तान्तरणसँगै भारतीय उद्योग र न्यू स्पेस इन्डिया लिमिटेडले अब व्यावसायिक मिसनका लागि एसएसएलभीको उत्पादन गर्नेछन् ।” रासस

## भारतीय चिकित्सकहरू हडतालमा

नयाँ दिल्ली, ३२ साउन/एएफपी

सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रवार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाउने बताएका छन् । उक्त क्रूर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रित गरेको छ ।

पूर्वी शहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्त ९ मा ३१ वर्षीया महिला चिकित्सकको रगतले लतपतिएको र क्रूर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन शुरू भएको हो ।

नयाँ दिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) बाट शुभाङ्कर दत्ताले शुक्रवार भने, “हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौं ।” रासस

## चाँदीसहित एकजना भारतीय नागरिक पक्राउ

प्रस, वीरगंज, ३२ साउन/

सशस्त्र प्रहरी पर्साले दुई किलो १७१ ग्राम चाँदीसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

भारतको पूर्वी चम्पारण घोडासहन बस्ने १८ वर्षीय गोपाल कुमारलाई पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ । भारतबाट नेपाल आउँदै गरेका गोपालले झोला र शरीरमा लुकाएर राखेको चाँदी बरामद भएको सशस्त्र प्रहरी पर्साका प्रहरी नायब उपरीक्षक देवेन्द्र सिंहले बताए ।

पक्राउ परेका गोपाललाई कारबाईका लागि वीरगंज भन्सार कार्यालयको जिम्मा लगाएको सशस्त्र प्रनाउ सिंहले बताए ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – वाहनकष्ट |
| मिथुन – नारीसुख | कर्कट – धनलाभ |
| सिंह – सन्तानसुख | कन्या – वाहनकष्ट |
| तुला – मित्रमिलन | वृश्चिक – धनलाभ |
| धनु – सुयश | मकर – अलमल |
| कुम्भ – प्रसन्नता | मीन – पदोन्नति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सुक्खा बन्दरगाह कार्यालय, श्रीसिया, वीरगंज

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

विनोद जयसवाल (अध्यक्ष) तथा
प्रसौनी गाउँपालिका कार्यालय परिवार, बारा

**‘शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार’**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

बैजुलाल स्वर्णकार (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-३
वडा कार्यालय, परिवार

**‘शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार’**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

जगत साह कानू (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-८
वडा कार्यालय, परिवार

**‘शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत जीराभवानीको आधार’**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अनोज चौधरी (अध्यक्ष) | रेखा चौधरी (उपाध्यक्ष) | अमित गिरी (प्रमुख प्रशासकीय अधिकृत)

जीराभवानी गाउँपालिका परिवार, पर्सा

**‘शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार’**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सञ्जीवबहादुर क्षत्री (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-१७
वडा कार्यालय, परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

वीरगंज भन्सार कार्यालय परिवार

**सुशासनयुक्त सक्षम एवं सबल स्थानीय सरकार पूर्वाधार निर्माण, कृषि, पर्यटन र सशक्तिकरण ठोरीको आधार**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



लालबहादुर श्रेष्ठ (अध्यक्ष) | गोकुलीकुमारी रेग्मी (उपाध्यक्ष) | राज कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत)

ठोरी गाउँपालिका कार्यालय, पर्सा परिवार

**‘पर्साको केन्द्रबिन्दु प्रचुर विकासका पूर्वाधार स्वास्थ्य, सुन्दर, हराभरा, पोखरिया स्मार्टसिटीको आधार’**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रद्युम्न चौहान (नगरप्रमुख) | रूबीकुमारी ठाकुर (उपप्रमुख) | अजय श्रीवास्तव (प्रमुख प्रशासकीय अधिकृत)

पोखरिया नगरपालिकाको कार्यालय, पर्सा परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

डा अबुल हैस अन्सारी (सञ्चालक)
वीरगंज हेल्थकेयर प्रा.लि. परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

वयोधा मेडिसिटी अस्पताल परिवार, वीरगंज

**हाम्रो नगर हाम्रो शान स्मार्ट सिटी निर्माण हाम्रो अभियान**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



सुरथ पुरी (नगरप्रमुख) | सोममाया थिङ (उपप्रमुख) | अजय बर्तौला (प्रमुख प्रशासकीय अधिकृत)

निजगढ नगरपालिका परिवार, बारा

**कृषि, पर्यटन, हरियाली वन समृद्ध पटेर्वासुगौलीको खुशीयाली मन**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



दिनेशकुमार चौधरी (अध्यक्ष) | ममता महतो (उपाध्यक्ष) | देवनाथ साह (प्रमुख प्रशासकीय अधिकृत)

पटेर्वासुगौली गाउँपालिका परिवार, पर्सा

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

डा सरोज सिंह/ डा मोनिका (यादव) सिंह
सूर्या अस्पताल परिवार, वीरगंज-२

**समृद्ध गाउँ, सशक्त समुदाय, सुखी जनता हाम्रो जगरनाथपुरको प्रगतिको आधार**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



श्रीकान्तप्रसाद यादव (अध्यक्ष) | बबिता सिंह (उपाध्यक्ष) | कृष्णानन्दन राय (प्रमुख प्रशासकीय अधिकृत)

जगरनाथपुर गाउँपालिका परिवार, पर्सा

**“शिक्षा, स्वास्थ्य र कृषि धोबिनीको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार”**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



मदनप्रसाद चौहान (अध्यक्ष) | मन्जु देवी (उपाध्यक्ष) | संजयकुमार यादव (प्रमुख प्रशासकीय अधिकृत)

धोबिनी गाउँपालिका परिवार, पर्सा

**“शिक्षा, स्वास्थ्य र कृषि विन्ध्यवासिनीको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार”**

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रमोद तिवारी (अध्यक्ष) | ज्योतिदेवी चौरसिया (उपाध्यक्ष) | राकेश ओझा (प्रमुख प्रशासकीय अधिकृत)

विन्ध्यवासिनी गाउँपालिका परिवार, पर्सा

# मुख्यमन्त्रीले गराए प्रदेशका मन्त्रीहरूसँग करारनामा

प्रस, जनकपुरधाम, ३२ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रीहरूसँग कार्यसम्पादन करारनामा लिएका छन्। शुक्रवार मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्यसम्पादन करारनामामा हस्ताक्षर भएको हो।



प्रदेशका मन्त्रीहरूसँग गराइएको करारनामामा मन्त्रालयका नीतिगत विषयहरूलाई वार्षिक कार्यक्रमसँग लिपिबद्ध गरेर कार्यसम्पादन सङ्केत र कामको नतीजा खुल्नेगरी मन्त्रालयका संयन्त्रमार्फत भदौ १५ भित्र कार्यसम्पादनसहितको विवरण तयारी तथा स्वीकृत गर्नुपर्ने विषयहरू उल्लेख छन्।

कार्यसम्पादन सम्झौतामा शुक्रवार हस्ताक्षर गर्नेहरूमा भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जर्नादनसिंह क्षत्री, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा, गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखी, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधनप्रसाद सिंह, अर्थमन्त्री सुनीलकुमार यादव, खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोदकुमार जायसवाल, वन तथा वातावरण मन्त्री त्रिभुवन साह, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँ थिए।

श्रम तथा यातायात मन्त्री कौशलकिशोर राय भने जनकपुरबाहिर रहेकाले सम्झौता हुन सकेन। मन्त्रीहरूले पेश गर्ने कार्यसम्पादन विवरणमा मन्त्रालयका कार्यक्रम, क्रियाकलापको सूची र कार्यान्वयनको समयसीमा उल्लेख गरिएको हुनेछ।

मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौतासम्बन्धी करारपछि मुख्यमन्त्री सिंहले कार्यसम्पादन सम्झौताका कारण मन्त्रालयका काममा प्रगति, पारदर्शिता र समयबद्धता कायम हुने विश्वास व्यक्त गरे।

सम्झौता अनुसार मासिक, चौमासिक तथा वार्षिकरूपमा कार्यसम्पादन मूल्याङ्कन हुने भन्दै मुख्मन्त्री सिंहले त्यसबाट मन्त्रालयमा काम भएका वा नभएका र नभएका कारण तथा जिम्मेवार व्यक्तिको पहिचान गर्न समेत सहज हुने हुँदा कमजोरी कहाँबाट भयो, किन भयो पत्ता लगाएर समाधानका उपायहरूसमेत अपनाउन सहज हुने विचार व्यक्त गरे।

उनले कार्यसम्पादन सम्झौताबाट कर्मचारीले दायित्वबोध गर्ने विश्वास लिंदै यसबाट अधिकारीहरूको जिम्मेवारीसँगै पुरस्कृत तथा कारबाही हुने आधार तय हुने बताए।

"करारनामा तथा सम्झौता प्रक्रिया शुरू भएको छ। प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्यालले भने भदौ १५ भित्र कार्यसम्पादनका मुख्य नतीजा क्षेत्र निर्धारणसहितको विवरण तयार हुन्छ र त्यो स्वीकृत भएपछि मात्रै सम्झौताको प्रक्रिया पूरा भएको मानिने बताए।

यसो गर्दा मन्त्रालयले गर्ने कामको स्पष्ट जानकारी जनतालाई हुने, मन्त्रालयलाई पनि काम गर्न दिशाबोध हुने तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई कुन मन्त्रालयले कुन क्षेत्र केन्द्रित रहेर काम गरिरहेको भन्ने थाहा हुन्छ। सही तथा व्यवस्थित किसिमले काम भएको वा नभएको अनुगमन गर्न पनि सहज हुनेछ।

# गाँजा र चरेससहित एकजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३२ साउन/

पर्साको पटेर्वासुगौली गाउँपालिका-४ अकवाबाट ठूलो परिमाणमा गाँजा र चरेससहित एकजना पक्राउ परेका छन्।

बिहीवार राति ८ बजे पर्सा पटेर्वासुगौली गाउँपालिका वडा नं ४ अकवा गाउँको बाँसघारीमा लुकिरहेका कालिकामाई गाउँपालिका वडा नं १ मुडली बस्ने वर्ष ४० को फूलशरीफ मियाँलाई पक्राउ गर्दा उनको साथबाट ३० किलो गाँजा बरामद भएको थियो।

प्रहरीले मियाँसँग प्रारम्भिक सोधपूछ गर्दा नजीकै रहेको बाँसघारीमा खाल्डो खनी बोराभित्र लुकाइछिपाइ राखिएको अवस्थामा चरेस १९२ किलो र गाँजाको धूलो (पोलान्ड) २६७ किलो बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब निरीक्षक दीपक भारतीले जानकारी गराएका छन्। पक्राउ परेका मियाँलाई पक्राउ गरी अनुसन्धान गरिरहेको प्रवक्ता भारतीले बताएका छन्।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |





## हार्दिक शुभकामना

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**किशोरीराय यादव (क्याम्पस प्रमुख)** *तथा*
**हरि खेतान बहुमुखी क्याम्पस परिवार, वीरगंज**

## 'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**जयप्रकाश साह (वडाध्यक्ष)**
**वीरगंज महानगरपालिका-६**
**वडा कार्यालय, परिवार**

## 'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**शम्भु मिश्र (वडाध्यक्ष)**
**वीरगंज महानगरपालिका-२६**
**वडा कार्यालय, परिवार**

## 'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**प्रदीप चौरसिया (वडाध्यक्ष)**
**वीरगंज महानगरपालिका-५**
**वडा कार्यालय, परिवार**


# खेलकूदको संसार

## साफ च्याम्पियनशिपको उद्घाटन खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने

काठमाडौं, ३२ साउन/रासस

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) यू-२० च्याम्पियनपशिप फूटबल प्रतियोगिता अन्तर्गत नेपाल र श्रीलङ्काबीच हुने उद्घाटन खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेलमैदानमा हुने पक्का भएको छ।

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ)ले पठाएको म्याच कमिश्नर अब्दुल हामिद अब्दुल गफरले आज त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाका खेलमैदान निरीक्षण गरेपछि खेल खेल्न योग्य नभएको निष्कर्ष निकालेको हो। सोही निर्णयसँगै उक्त प्रतियोगिताका अन्य खेलहरू दशरथ रङ्गशालामा हुने सम्भावना कम भएको छ।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले म्याच कमिश्नरले दशरथ रङ्गशालाको मैदान खेल्न योग्य नभएको बताएको जानकारी दिए। उनले यो निर्णय नै अन्तिम नहुने भन्दै म्याच कमिश्नरले साफमा खबर पठाएपछि उताबाट जे निर्णय आउँछ, त्यही अन्तिम निर्णय हुने बताए। उक्त रङ्गशालाको निरीक्षण गर्न माल्दिभ्सका अब्दुल बिहीवार काठमाडौं आइपुगेका थिए।

उक्त प्रतियोगिताको खेल सुरुआतमा दशरथ रङ्गशालामा खेलाउने आयोजक एन्फाको तयारी थियो। तर वर्षाका कारण दशरथ रङ्गशालाको अवस्था नाजुक भएपछि कहाँ खेलाउने टुङ्गो लाग्न सकेको थिएन।

एन्फा प्रवक्ता सुरेश शाहले प्रतियोगिताको सुरुआती खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने भन्दै आगामी दिनमा वर्षामा सुधार भए दशरथ रङ्गशालामा सेमिफाइनल र फाइनल खेल गराउने सम्भावना कायमै रहेको बताए।

यही साउन २९ गते दशरथ रङ्गशालामा नेपालको शहीद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र भुटानको लिग विजेता पारो एएफसीबीच एएफसी च्यालेन्ज लिगको प्रारम्भिक छनोट खेल भएको थियो। त्यति बेला वर्षाका कारण मैदान हिलाम्मे भएको थियो। जसका कारण दुवै टोलीले हिलाम्मे मैदानमा खेल खेलेका थिए। यस अघि पनि एएफसीले उक्त मैदानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न अयोग्य घोषणा गरेको थियो।

# जनताको आशा र विश्वास नडगमगाउने -मन्त्री गुप्ता


तस्वीरः प्रतीक

प्रस, पोखरिया, ३२ साउन/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले अघिल्लो सरकारबाट कुनै काम नभएकोले नेकपा एमाले र काङ्ग्रेस मिलेर सरकार बनाउनुपरेको बताएका छन्।

मन्त्री भएपछि दोस्रोपटक गृह जिल्लामा आएका उनले बहुदरमाई नगरपालिका-७ मा निर्माणाधीन स्वागतद्वार उद्घाटन गर्दै माओवादी नेतृत्वको पछिल्लो सरकारले देशमा सुख-शान्ति स्थापना गर्न नसकेको, आर्थिक अवस्था सबल बनाउन नसकेको र देशले उन्नति, प्रगति गर्न नसकेको कारण सो सरकार परिवर्तन भएको बताए। उनले अहिले नेकपा एमाले र नेपाली काङ्ग्रेसको सहकार्यमा बनेको सरकारप्रति नेपाली जनताको ठूलो आशा र विश्वास रहेको र यसलाई सरकारले नडगमगाउने बताए।

मन्त्री गुप्ताले भारत सरकारले नेपालका पालिकाहरूको विकासको लागि नेरु एक हजार १२० करोड सहयोग गर्न लागेको भन्दै आआफ्नो पालिकामा पाँचदेखि २० करोडभित्रको योजना पेश गर्न सुझाए।

बहुदरमाई नपाका प्रमुख सिंहासन साहको अध्यक्षतामा भएको कार्यक्रममा एमाले, पर्साका अध्यक्ष डा विश्वम्भर शर्मा, बहुदरमाई नपाकी उपप्रमुख सुषमा कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफा, पोखरिया नपाकी उपप्रमुख रूबी ठाकुर, जिसस पर्साका उपाध्यक्ष पुरन पटेल, सखुवाप्रसौनी गापाका पूर्वअध्यक्ष प्रदीप जयसवाललगायतको सहभागिता थियो।

### महानगरको ...

सवारीसाधन कर (साना सवारी) ९४ हजार, अन्य मनोरञ्जन कर एक लाख ४६ हजार, व्यवसाय रजिस्ट्रेशन दस्तुर ४४ लाख दुई हजार, अखेटोपहारमा लाग्ने कर ६२ लाख ३३ हजार, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय ६८ हजार, निजी धाराबापतको शुल्क १८३०, अन्य सेवा शुल्क ५७ लाख पाँच हजार, अन्य प्रशासनिक सेवा शुल्क चार लाख नौ हजार, नक्शापास दस्तुर १४ लाख ९१ हजार, सिफारिश दस्तुर १८ लाख २७ हजार, व्यक्तिगत घटना दस्तुर दुई लाख ५५ हजार, नाता प्रमाणित दस्तुर एक लाख ९३ हजार, प्रशासनिक दण्ड जरिवाना र जफत सात लाख २५ हजार, बेरुजू एक लाख २६ हजार गरी पाँच करोड २३ हजार ६३० राजस्व सङ्कलन भएको छ।

### सिम्रौनगढका ...

आकर्षित भएका हुन्। मौसमी हरियो तरकारीमा यो क्षेत्रमा आलु, प्याज, कोभी, बन्दा, भन्टा, गोलभेंडा, कटहर, झिगनी, घिरौला, रामतोरई, परवल, चुकुन्दरलगायतका तरकारीहरू लगाइन्छ।

यसैगरी, बेमौसमी तरकारीखेतीमा कोभी, करैला, गोलभेंडा, रामतोरई, भन्टाको खेती हुने गरेको छ। अहिले सिम्रौनगढ क्षेत्रमा बार्है महीना हरियो तरकारीखेती हुन्छ।


## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**